'नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स'

त्रैमासिक


# अर्हत

१२

वर्ष २, अंक १ | बुद्ध सम्वत् २५५८ | ने.सं. ११३४ बछलाथ्व बुद्ध पूर्णिमा | वि.सं. २०७१ बैशाख ३१



# पञ्चशील प्रार्थना



उहाँ भगवान अरहत सम्यकसम्बुद्धलाई नमस्कार (३)
म बुद्धको शरणमा जान्छु,
म धर्मको शरणमा जान्छु,
म संघको शरणमा जान्छु

दोस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
दोस्रोपल्ट पनि म संघको शरणमा जान्छु

तेस्रोपल्ट पनि म बुद्धको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म धर्मको शरणमा जान्छु,
तेस्रोपल्ट पनि म संघको शरणमा जान्छु

म प्राणी हिंसा गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म चोरी गर्ने काम छोड्ने शील राम्ररी पालन गर्छु ।
म कामरागको विषयमा नराम्रो आचरण गर्नेछैन ।
यो शील राम्ररी पालन गर्नेछु ।

म झूट कुरा बोल्ने बानी छोड्ने शील राम्ररी पालन गर्छु ।
म बेहोसको कारण हुने रक्सी, जाँड, आदि लागूपदार्थ सबै
छोड्ने शील राम्ररी पालन गर्छु ॥

# अर्हत

त्रैमासिक

वर्ष २ | अङ्क १ | नेसं.११३४ बछला थ्व बुद्ध पूर्णिमा

शक सं. १९३६ | २०७१ वैशाख ३१ | बुद्ध सं. २५५८

सल्लाहकार

रत्नसुन्दर शाक्य

जुनु बासुकला रजितकार

चन्द्रबहादुर उलक

सम्पादक/प्रकाशक

उद्धव सुजखु

बौद्ध दर्शन अध्ययन समाजको

सहयोगार्थ प्रकाशित

बजार व्यवस्थापन तथा वितरण

गोपीकृष्ण प्रजापति

बालमुकुन्द बासुकला

कम्प्युटर

सिद्धि डिजाइन डेस्कटप सर्भिस

फोन - ६६१९१०७

मुद्रण

भिजन अफसेट प्रिन्टिङ्ग प्रेस प्रा.लि.

बानेश्वर, काठमाडौं

Email: arhattraimasik@gmail.com

सहयोग रु. ३०।-


## प्रकाशकीय

२५५८ औं बुद्ध जयन्तीको अवसरमा सम्पूर्ण पाठक वर्गमा अर्हत परिवार हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

वैशाख पूर्णिमा विश्वका शान्तिकामी मानव जातिको लागि महान दिन हो । आजको दिनलाई त्रिसंयोगात्मक दिन मानिन्छ । आजको दिनमा सिद्धार्थ गौतमको जन्म भएको, सिद्धार्थ गौतमले बोधिवृक्ष मुनि बुद्धत्व प्राप्त गरेको र आजकै दिनमा कुशी नगरमा महामानव गौतम बुद्धले महापरिनिर्वाण प्राप्त गरेका थिए । यसकारण आज महान दिन हो । बुद्ध जयन्ती हो ।

आजको दिनमा हामी विभिन्न किसिमका कार्यक्रमहरू गर्छौं । विभिन्न कार्यक्रमहरूमा सहभागी पनि हुन्छौं । यसको वास्तविक कारण बौद्ध शिक्षालाई सम्झनु हो । बौद्ध शिक्षालाई सम्झँदै बुद्धको विचार सदासर्वदा अमर होस्, विश्वमा शान्ति स्थापना होस् भन्ने कामना गर्नु हो । आजको दिनमा पनि हामी पञ्चशील प्रार्थना गर्छौं । विहारमा गई श्रद्धेय भिक्षुहरूबाट बौद्ध शिक्षा प्राप्त गर्छौं तर हामीले पाएको बौद्ध शिक्षालाई व्यवहारमा लागू गर्नसक्यौं वा सकेनौं भन्ने विषयमा चिन्तन गर्दैनौं । यो हाम्रो कमजोरी होइन र ?

बुद्धका उपदेशबारे ज्ञानै नभएका मानिसहरूबाट अपराध हुनु स्वाभाविक हो । तिनीहरूले गरेका अपराधलाई पखाल्न सकिन्छ । मान्छे काट्दै हिँड्ने अंगुलीमाल र राजा अशोक यसका उदाहरण हुन् । तर प्रत्येक दिन 'नमोतस्स भगवतो अरहतो सम्मासम्बुद्धस भन्दै पञ्चशील प्रार्थना गर्नेहरूबाट अपराध भएमा पखाल्न सकिएला र ?

**पाठकवृन्दहरू !**

हिजोआज पत्र-पत्रिकाहरूमा हत्या, हिंसा, बलात्कार, चोरी, डकैती, अपहरण र ठगीजस्ता सामाजिक विकृति र विसंगतिका समाचारहरू पढ्न हामी बाध्य छौं । आजका युवाहरू सामाजिक अनुशासनलाई बेवास्ता गरी जीवन बिताइरहेका पाउँछौं । के बौद्ध शिक्षाको माध्यमबाट तिनीहरूको हृदय परिवर्तन गर्न सकिँदैन र ? हामीलाई विश्वास छ - बुद्धको शिक्षाले मानव जातिलाई असल बाटोमा हिँड्न प्रेरणा दिन्छ । त्यसकारण हाम्रो नयाँ नेपालको शिक्षा नीतिले विद्यार्थीहरुको लागि बौद्ध शिक्षा अनिवार्य विषय बनाउनुपर्दछ । अस्तु !

**आवरण तस्बिरः लुम्बिनी**



# बहुश्रुत मंगल

✍ भिक्षु अश्वघोष

बाहु सच्चं च सिप्पं च विनयो च सुसिक्खितो
सुभासितां च या वाचा एवं मंगल मुत्तमं

अर्थ : न्यना विद्वान जुइगु, शिल्पशास्त्र सयका नं शिक्षित जुया नं अनुशासन प्रिय जुइगु अले खँ बांलाक ताले लाक ल्हाय्गु मंगल ।

न्हापा न्हापा त्यंजक न्यना सय्के सिइकेगु खः । सफु मदु । मुख परंपरां कण्ठ वेका तैगु । बुद्ध परिनिर्वाणं लिपा श्रीलंकाय् वदृगामिनी (वलगम्बा) जुजुया पाले त्रिपिटक सफुती (ताम्रपत्रे) च्वःगु उल्लेख दु ।

अध्ययनविधि - देशभ्रमण, अखबार ब्वनेगु, रेडिओ, सिनेमा स्वयेगु, टेलिभिजन आदिद्वारा सय्के सिइके ज्यू ।

विद्वान जुल धासा समाजं मान्यता बी । छाय् धासा वयाके विवेक बुद्धि दु । विचा यायेगु, थुइका काय्गु शक्ति दु । उकिं जुजुं नं सः स्यूपिन्त माने या ।

भगवान बुद्धं नं धयाबिज्यागु दु- मूर्खम्ह पासा सिकं विद्वानम्ह शत्रु ज्यू । उदाहरणया लागी विद्वानम्ह मिसा छम्ह सिन्धुलिं रौतहते पेहन वन । सिन्धुली च्वंपिं मनूतसें व मिसाया पुलांम्ह भातयात कला मिया छोत धका मुद्दा तया २० वर्ष जेले तया बिल । ध्व खँ पेहनं वंम्ह मिसां सिल । वं अदालते वना दर्खास्त तल गोरख बहादुर जिमि पुलांम्ह भात खः । जि थः यसें रौतहते पेहनं वनाम्ह खः । वं जित मिया छोगु मखु । वयात जेलं मुक्त जुइमा धका । व मिसायागु बिन्ति कथं गोरख बहादुर जेलं मुक्त जुल । थन पेहनं वंम्ह मिसा विद्वानम्ह जुया पुलांम्ह भात गोरख बहादुर जेल मुक्त जुल । बुद्धं धया विज्यागु विद्वानम्ह शत्रु ज्यू धाःगु खँ पाय्छि जुल ।

भिक्षुपिंमध्ये बहुश्रुतम्ह- न्यने कने याना सः स्यूथें शिक्षितम्ह बुद्धमा पालेयाम्ह आनन्द भिक्षु खः । उकिं बुद्धं आनन्दयात थःसेवक ल्यया बिज्यात । अर्हन्त पिसं सेवा याय् धालं नं सेवा याय् मधाम्ह आनन्दयात बुद्धं सेवक धका ल्यया बिज्यात । आनन्दं धाल- फ्वना कायेगु पदवीया मू मदु । थुकिं सी दु आनन्द विद्वानथें शिक्षितम्ह खः ।

सारिपुत्र महास्थविर गृहस्थबले (उपतिस्सं) पंचभद्र वर्गीपिं मध्ये दकसिबे क्वकालिम्ह अस्सजितया छत्वाचा धर्मया खँ न्यना शिक्षित जुल । अस्सजित या शिक्षित पह संयमित जीवन खना प्रभावित जुया भिक्षु जूवन ।

विद्वान जक जुयां मगा शिल्पशास्त्र आदि ज्या नं सय्के माः । भिक्षु पिनि चीवर सुइगु, सँ खाय्गु, चीवर पर्केगु, सफा सुग्घर याय्गु सय्के माः ।

वत्तं अरिपुरेन्तो सीलं न परिपूरेति
असुद्धसीलो दुप्पञ्ञो दुक्खा न परिमुच्चति ।

अर्थ-सफा सुग्घर मयात थाय्वं शीलपूर्ण जुइमखु । शील शुद्ध मजूथें प्रज्ञामदुम्ह जुया दुःखं मुक्त जुइमखु ।

गृहस्थीया छें मिसाते जूसा वसः सुइगु, काप थाय्गु, स्वीटर थाय्गु, साक्क जोरे यायेगु, चट्ट च्वंक सफा सुग्घर याय्गु, मिजंते छें भ्वाथगु ल्हवनेगु, विजुलिया ज्याः फ्यूज तय्गु आदि ज्याः सय्के माः । ज्याः मसल धायेवं यक्व आख सय्का तसानं जीवने मंगल जुइमखु । उदाहरणया लागि छगू घटना न्ह्यथनेः ।

छम्ह मनु डबल एम.ए. पासम्ह दु । व छक डुंगाय् च्वना वना च्वंबले डुंगा चले याना च्वंम्ह माझीयाके न्यन- छं आख ब्वने सःला ? वं मसः धाबले आय्सा छंगु जीवन धिक्कारका । चा बराबर जुल का ! धका हेला यात ।

लिपा तस्सकं ग्व फये वल । अले माझीं न्यन- साहुजी ! छिं लाल काय् सःला ? हुरि वया डुंगा ला फाता पुलीन । एम्.ए. पासम्हस्यां धाल- जि लाल काये मसः । अले माझीं धाल- अय्सा बाउ साहेब फुत का । जिला लाल

क्या वनका । जीवन बचे जुल । उकिं विद्वान जुयां जक मगा । शिल्पशास्त्र आदि ज्या सयका तयमा ।

सिद्धार्थकुमार यात भमचा ल्हा: वंबले दरबारे त:जागु प:खा दुने (सुंक मोज याना च्वंम्ह शिल्पशास्त्र छुंमसम्हेसित जिमि म्हाय्मचा बी मखु धयाहल ।

थ्व खँ न्यना सिद्धार्थकुमारं बाजि तया शिल्पशास्त्र क्यना त्याका यशोधरा ब्याहा याना काल । नेपाले छम्ह त:दँ मछि चीवरं पुना भिक्षु जुये धुंका लिपा चीवर त्व:ता छें वन । ब्याहा यायधका भमचा ल्हाके छोत- अले भिक्षु जुया च्वंम्ह ज्या छुं मयासे च्वंम्ह धका सुनां नं म्हयाय मचा बिया मह: । थुकिं सी दु शिल्प शास्त्र 'ज्या सयका तयेमा:' ।

ल्हासाय् छम्ह विद्वानम्ह भिक्षुं धाल- 'जि नयेगु, तियेगु, व अभिमान थुपिं स्वता खना साप ग्या ! उकिं बाखँ कने मास्ते मवो । बाखँ बांलाक कने सल कि मनूतसें माने याई, साक्क नकिई अले अहंकार बढे जुइ ।'

निग्रोध श्रामणेर (न्हूम्ह भिक्षु) या शिक्षित व शान्त विद्वान पह: खना चण्डालम्ह अशोक जुजु धर्मात्मा जुल । लिपा चण्डाशोकं धर्माशोक जुल । अप्प सन्नानं पसादाय पसन्नानं भिय्यो भावाय । अर्थात् भिक्षु जीवन अप्रसन्न पिन्त प्रसन्न यायेत व प्रसन्न पिन्त अप्व हे प्रसन्न यायेत नं ख: । उकिं भिक्षु जीवन संयमि व शिक्षित जुइगु मंगल ख: ।

❖❖❖

# स्वाँयापुन्ही "नसंचा मे"

✍ च्वमि:-त्रिरत्न शाक्य

स्वाँया पुन्ही वल धाल, नसंचाया फसं रे !
चेतनाया मिखा चाय्का दना दिसँ फुकं रे ॥

छम्ह: मचा बुल थौं, लुम्बिनिया क्यबय् रे ।
बुद्ध जुया क्यन वं बोधि सिमा क्वसं रे ॥

देह:त्वता वंगु थौं कुशिनगर धैथाय् रे ।
स्वंगु दिन चुल्ला व:गु थौं स्वाँया पुन्ही रे ॥

तुयुज: मखनाफ्री, खिमिलास तन रे ।
खिमिलाया दुनं दुनं, तिमिला: स्व: त्वल रे ॥

व:हे ज:लय् स्वरे पासा, बुद्ध लुया वइ रे ।
सुख:हना म्वाय्गु लँपु, भ्रीत क्यना च्वनि रे ॥

चिकुलाया निभा:थें खिमिलाया न:गु थें ।
वसन्तया नस्वा जुया हवया च्वंगु स्वाँ थें ॥

सुखुचिना मवं स्वरे, अभ्रं हवया क्यन वं ।
धरति हे छस्वा याना, न:स्वां इना च्वना वं ॥

# मानिस भई बाँच्नको लागि

✍ नारायणदेवी प्रजापति

मानिस भई बाँच्नको लागि
ज्ञान हासिल गर्नुपर्छ ।
ज्ञान हासिल गर्नको लागि
धर्म देशमा सुन्नुपर्छ ॥

बुद्ध वचन सुनेर हामी
ध्यान भावना गर्नुपर्छ ।
चित्त शुद्ध गरेर हामी
दानपुण्य गर्नुपर्छ ॥

मैत्री भावना गरेर हामी
दु:खीको सेवा गर्नुपर्छ ।
भौतिक सुख हेरेर हामी
मिथ्यादृष्टिमा पर्न सक्छ ॥

अन्तरमुखी भएर हामी
सत्यतालाई अंगाल्नुपर्छ ।
मानिस भई बाँच्नको लागि
ज्ञान हासिल गर्नुपर्छ ॥

भवतु सब्ब मङ्गल

# बुद्ध जयन्ती : अहिंसा दिवस

✍ प्राध्यापक सुवर्ण शाक्य

वैशाख पूर्णिमाका दिन बुद्धको सम्झनामा बुद्धप्रति श्रद्धाका साथ उनको जयन्ती मनाउने गरिन्छ । गौतम बुद्ध वैशाखपूर्णिमाको दिन जन्मेका हुन् र बुद्धले सिद्धार्थ राजकुमार रहँदा रहँदै बुद्धत्व प्राप्त गरेको दिन पनि उही वैशाख पूर्णिम थियो । साथै वैशाख पूर्णिमा कै दिन ८० वर्षको उमेरमा बुद्धको परिनिर्वाण भएकोथियो। जन्म त बसैको भइ नै रहेको छ र निर्वाणत्व प्राप्त गर्नु अति दुर्लभ कुरा हो । निर्वाणत्वको अर्थ जन्म-मरणको भवचक्रबाट पार हुनु हो । यसरी जन्म -मरणबाट मुक्त भई बुद्धले निर्वात्व प्राप्ति गरेको दिन पनि वैशाख पूर्णिमाकै दिनमा परेकोले यो दिन अति पवित्र मानिएको छ यस किसिमले निर्वाण प्राप्त गरेको वर्षलाई बुद्ध जयन्तीको रुपमा चुनिएको ज्यादै तर्कसंगत देखिन्छ ।

बुद्धको अर्थ ज्ञान प्राप्त गरेको व्यक्ति हो । मानिस भएपछि केही न केही ज्ञान त सबैमा हुन्छ तर विशेष ज्ञान थोरैमा मात्र हुन्छ । थोरैमा मात्र हुने विशेष ज्ञानका भागीदारमा पनि सर्वज्ञाता हजारौं लाखौं वर्षमा कोही कुनैसँगमात्र हुने हुन्छ । भगवान बुद्ध त्यही दुर्लभ सर्वज्ञता प्राप्त मानव मध्येका हुन् । उनले ज्ञानको ज्ञानअनुसार दुनियाँलाई नवआलोक दिएकोमा 'चतुरार्यसत्य' हो । चतुरार्यसत्य भनेको मानिसको दुःखसँग सम्बन्धित कुरा हो । मानिसको जीउनीभर कुनै कुराको सम्बन्ध रहिरहन्छ भने त्यो एकमात्र कुरा दुःख नै हो । त्यही दुःख निवारण गर्न मानिस दुःख दिने कारणलाई पन्छाउँदै हिंड्ने कोशिस गर्दछ । तर अज्ञानता, असंयमता आदिले गर्दा मानिसले दुःखबाट मुक्त हुन सकिरहेको हुँदैन । तिनै दुःख मुक्त हुने उपायस्वरुप बुद्धले आर्यअष्टांगिक मार्ग देशना गरे । आर्य अष्टांगिक मार्गलाई मध्यममार्ग पनि भनिन्छ ।

आर्य अष्टांगिक मार्गभित्र कुनै पनि किसिमका अकुशल कर्महरूको निवारणका उपाय पर्दछ । भगवान् बुद्धले ती उपायलाई शीलमा आधारित गरी देखाएका छन् । ती शील नै शान्तिको मार्ग हो । पीडा हुन्जेल शान्ति हुँदैन । पीडा आफ्नै गल्तीले पनि हुन्छ र अरुद्वारा पनि हुने गर्दछ । संसारका सबै प्राणी पीडबाट मुक्त हुन चाहन्छ । उ एउटै कुरामा ठूलो डर मान्छ, त्यो हो ज्यानको माया । (ज्यान) भएका सबै प्राणी हुन् । प्राणीलाई बचाउने महात्मा हुन्छ । यस्ता महात्मामध्ये नेपालमा जन्मेको नेपालको विभूति भगवान गौतम बुद्ध विश्वविख्यात प्राणीप्रतिको सहृदयी व्यक्तित्व हुन् । अरुको भय निवारण गर्ने सबैभन्दा ठूलो अस्त्र अहिंसा हो । उनको उपदेशले ठूलठूला राजा महाराजा र क्रूर व्यक्तिहरू पनि अहिंसक बनी शान्तिका दूत बनेका छन् । भारतका मौर्य राजा सम्राट अशोक बुद्धबाट प्रभावित भई शान्ति अभियानमा लागेको उदारण उल्लेनीय रहेको छ ।

भगवान बुद्धको जन्मभूमि नेपाल पहिलेदेखि नै शान्त रहिआएको छ । यहाँ बुद्धधर्मको प्रभाव गहिरो रुपमा रहेको छ । यहाँका बौद्ध विहारहरू विश्व सम्पदाको सूचीमा राखिएका छन् । नेपाल शान्तिप्रिय भएको कारण यहाँ परम्परादेखि नै धार्मिक सहिष्णुता रहिआएको छ । सहिष्णुता यहाँको धर्म हो । धर्म जिउनुको लागि हो । भयरहित भई जिउनु जीवनको लक्ष्य हो । भयरहित भई जिउनमा बुद्धको सम्झनाले नै ठूलो भूमिका निभाउन सकिने कुरामा आज विश्वले बुद्धलाई कदर गर्न थालेको छ । बुद्धको जन्मस्थल नेपालको कपिलवस्तु-लुम्बिनी प्रति अन्तर्राष्ट्रिय श्रद्धा र आस्था रहेको स्वरुप लुम्बिनी विकासको लागि धेरै राष्ट्रहरूबाट सहयोगहरू प्राप्त भइराखेका छन् । लुम्बिनीमा हुँदै आएको विकास कार्यमा बुद्धलाई मानिसहरूले नजिकबाट चिन्दै आएको पुष्टि गर्दछ । लुम्बिनीमा बुद्धमता मायादेवीको प्रतिमासहित मन्दिर छ । स्थानीयबासीहरू पहिले मायादेखि मन्दिरमा आई पशु बलि दिई पूजा गर्ने गर्थे । अहिंसाका परम अनुयायी बुद्धको जननी मायादेवी कुनै पशुबली लिने शाक्त देवि नभई बुद्धमता भएको पहिचान गरी त्यहाँ भइरहेको हिंसाबलीमा रोक लगाई दिए । हिन्दु होस् वा बौद्ध होस् यहाँको जनजीवन शाक्तको रुपमा सञ्चालित नेपालको अनौठो इतिहास रहेको छ । नेपाली हिन्दूहरू शैव बढी छन् । र वैष्णव पनि छन् । शिव, बुद्ध वा विष्णु तीनै खालको मार्ग हिंसा वर्जित छ । नेपालमा हिंसा बली चल्दछ त शाक्तको

रुपमा, आदिमकालका मानिसहरू जनावरहरूको शिकार (मासु खाई) जीवनयापन गर्दथे । पशुहरू पनि एक अर्काको मासुको साथै मानिसको पनि मासु खान्छन् । संसारमा जुनसुकै जनावरको मासु पनि खाइन्छ ।

नेपालमा बुद्ध धर्मको विकासक्रममा बुद्धजयन्ती मनाउने चलन पनि आयो । अहिंसाका प्रतिक बुद्धको जयन्ती मनाउने दिनमा हिंसा बन्द गर्नुपर्ने प्रस्तावअनुसार त्यस दिनमा सरकारी स्तरबाट हिंसा बन्द गर्ने निर्णय गरी काटमार बन्द गरियो । निरासित भोजन गर्ने महापुरुषहरू राम र कृष्णका जन्मदिनमा पनि यहाँ काटमार बन्द गरिएको छ । यसरी नेपाल अहिंसामा एक कदम अगाडि बढेछ । धर्म समन्वयमा अग्रसर हुने नेपालीहरू हिंसा बन्दका दिन दुवै धर्मालम्बीहरूले हिंसा त्याग्छन् र अरु बेला दुवै धर्मालम्बी हिंसा कर्ममा लागेका देखिन्छन् । यहाँ एउटा कुरो अनौठो छ कि परम्परा र संस्कृति भनेपछि तिनीहरू हुरुक्क हुन्छन् । बाध्य भएर नियम कानुन पनि समेत उल्लंघन गरिन्छन् । बाध्य भएर नियम कानुन पनि परम्पराको पछि लागेको यहाँको इतिहास छ । चाहे रामनवमी होस् चाहे बुद्ध जयन्ती होस् परम्परा पूजा आजा चलिरहेको हुन्छ र काटमार गर्ने बलिप्रथाको संस्कृतिअनुसार विधिको पालन गरिराखेको हुन्छ । राँगो, बोक, हाँस, कुखुरा यहाँको साधारण बलिका पशुपन्छी हुन् । सुंगुर, बँडेल र परेवा बलि दिने पनि प्रशस्त छन् । बलि दिनुको अर्थ त्यसको मासु खानु पनि हो । गाई गोरु बलि दिएको देखिएको छैन तर त्यसको मासु खाने जाति नेपालमा छन् । गाईलाई राष्ट्रिय जनावर मानेर नेपालमा गाई काट्न निषिद्ध गरिएको छ । कसैको गाई बलि दिने परम्परा भएतापनि परम्परादेखि नै नगरिएकोले गाईको बलि दिइँदैन । यस किसिमको अहिंसाबल ज्यादै राम्रो कुरा हो । तर परम्परालाई मानेर गाई काट्न नपाइने नियम भएझैं रामनवमी तथा बुद्ध जयन्ती इत्यादि दिनहरूमा पनि कुनै किसिमको जनावर मार्न नपाइने अथवा बलि दिन नपाइने कडा कानुन बनाउनु अति आवश्यक छ । कुनैमा परम्परा लाग्ने कुनैमा परम्परा नलाग्ने लिंढे कानुन बनिरहँदा प्रजातन्त्रमा हुर्केको नवपिंढीले हरेक कानुनमा यस्तै अप्ठ्यारा तेर्स्याएर नियम कानुनप्रति स्थिति विमुखता र अस्तव्यवस्ता ल्याउन बेल छैन । यसप्रति राष्ट्रिय स्तरले गहिरिएर ध्यान पुऱ्याउनु आवश्यक छ । बुद्ध जन्मभूमिमा कमसेकम पनि बुद्ध जयन्तीका दिन कुनै पनि पशुको बलि बिल्कुल बन्द हुनु वाञ्छनीय छ । काटमार गर्नेले आफ्नो जिद्दी पुऱ्याएर परम्पराको दुहाइ माग्छ र देवाली, गुठी तथा विभिन्न पूजाहरू देखाई पशुबलि दिन्छ भने आजको मानव अधिकारवादी दुनियाँमा प्रत्येक जातिले हरेक पशुहरूको बलि दिन पाउनुपर्ने गुनासो राखी कुनै पनि पशुलाई बलि दिई आफ्नो परम्परा चलाउनेछन्, बरु पशुबलि नै बन्द गर्नु वेश हुनेछ भगवान् बुद्धको वास्तविक क्रान्ति शोषणको विरुद्ध थियो, पशुबलिको विरुद्ध थियो अनि अन्धविश्वास र छुवाछुतको विरुद्ध थियो । बुद्धको नाताले नेपाल देशमा पशुपंछी- बलि नै उन्मूलन गर्नु बेहतर छ । धर्मको नाममा यस्तो प्राणीघातक क्रूर प्रथालाई नहाउने हो भने जसले जस्तो धर्म अपनाए पनि त्यसप्रति रोक लगाउन सकिने स्थिति सृजना हुन स्वाभाविक हुन आउँछ । मार्ने धर्मभन्दा बचाउने धर्म स्वभावत: उच्च कोटिको हुन्छ यही कारण विश्वमा बुद्ध धर्म उच्चकोटिको रुपमा ग्रहण हुँदै आइरहेको छ । बुद्धका पञ्चशीलमध्ये 'प्राणतिपात' प्राणीहिंसा नगर्नु पहिलो शील रहेको छ ।

सकिएमा काटमार नै बन्द गर्ने र नसकिएमा देवताको नाममा पशुपंक्षी बलिदिने प्रथा भने रोक्नु अत्यावश्यक छ, यो कदम एउटा नेपालको लागि ठूलो सुधारको कार्य हुनेछ । यसले विश्वसमाजमा बुद्ध जन्मभूमि नेपालको ठूलो सम्मान र यथार्थवादी तथाकारिताको परिचय प्राप्त भई नेपालप्रति सौजन्यताको ठूलो अवस्था रहन जानेछ । धर्मको नाममा काट्ने मार्ने परम्पराको अन्त्य भएमा बहुजाति र बहु संस्कृति भएका नेपालीहरू एकताको सूत्रमा बाँधिन गई देशोत्थानमा सामूहिक प्रयास रहन जानेछ । राष्ट्रियताको अगाडि जाति, धर्म, भाषा आदिको प्रबलता रहन दिइनुहुन्न । पहिले आफूलाई नेपाली नागरक हो र त्यसपछि मात्र अरु केही हो भनी सम्झनु प्रत्येक नेपालीको कर्तव्य हो । यसो भई कुनै जाति, कुनै धर्म र कुनै भाषामा लागेर आ-आफ्नो एक्लौटी पनमा जिद्दी गरियो र लादियो भने राष्ट्रिय भावनामा नै खलल पुग्न जाने हुन्छ र नेपालीहरू कर्तव्यबाट च्युत हुन जानेछ । यही परिप्रक्ष्यमा बलि हिंसा नगर्नु पनि राम्रो हुन आउँदछ ।

हिंसाविरुद्ध कदम उठाएर बुद्धको जयन्तीलाई अहिंसा दिवसको रुपमा मनाउनुपर्छ । बुद्ध जयन्तीका वास्तविक उद्देश्य पनि परपीडा रोक्नु र हिंसा कार्यबाट विमुख हुनु हो । 'आफूलाई परे वेदान्त र अरुलाई परे मरणान्त' को व्यवहार बुद्धमा छैन । उनी त सत्त्व प्राणीको उद्धार कामना गर्ने महामानव हुन् । एसियामा जन्मेर मावनताको ज्योति बालेका यिनलाई 'एसियाका ज्योति' भन्ने गर्थे भने उनी आज विश्वप्रसिद्ध शान्तिका अग्रसर महामानवको रुपमा परिचित र श्रद्धाका पात्र रहेका छन् । प्रत्येक वर्ष मनाइने बुद्धजयन्तीले यही सन्देश दिन्छ कि विश्वमा हिंसा अवरुद्ध भई सबै प्राणी सुखी रहुन् । सर्वे सत्ता सुखित्तत्ता ।

❖❖❖

# आऊ ! बुद्ध ब्रम्ह आऊ !

✍ तेजेश्वरबाबु ग्वंग

विचार ब्रम्हबाट बुद्ध बिलाउन थालेको बेला हामीले चहारी रहेको बुद्ध बोधिवृक्ष मुनि बोधिसत्व पाउने बुद्ध बाहेक अरु को हुन सक्ला ? विचार ब्रम्हको आध्यात्मिक तत्त्व बोधि सत्त्व नभए अरु को हुन सक्ला ? बोधिसत्त्व आध्यामिक तत्त्व बने विचार विज्ञान आचार संहिताको शूत्र किन नहुन सक्ला ? बुद्धमात्र विचार ब्रम्हमा आलोकित थिएन । उनी आचरणका अधिथाता नै थिए । उनी भेदभाव विहीन विश्वसमुदायका मार्ग निर्माता थिए । जसको मार्ग नै सम्यक थिए भने उनका पाइलामा असम्यक विभेद कसरी सम्भव हुन सक्ला ?

बुद्ध शीलका अधिस्थाता थिए । शीलका अधिस्थाता बन्न बुद्धले सिद्धार्थ आचरण अपनाए । शीलमात्र प्रार्थनाका बाच्य वाक पद्धति होइन । शील स्वयम् स्वभावका सौन्दर्य शोभा हो । भन्नु अनुशिलनका प्रशस्त मार्ग हो । मार्ग पाइला चाल्ने ठाउँ हो, दिक् साधनाका आधार । पाइलाहरूले मार्ग प्रशास्त गर्न सक्छ, उदाहरण स्वयम् सिद्धार्थ गौतम बुद्ध बने । मार्ग पाइला चाल्नेहरूका दिक साधना हो, बुद्धले यसलाई चरितार्थ पारे ।

बुद्ध भन्नु एउटा अद्बितीय चरित्र निर्माण हो । बुद्धले चरित्रकै भरमा विश्व मनुष्य हृदयलाई जिते । जित्नुको प्रयोजन विवेकपरक हुन्छ । जित्नु शक्तिको प्रपञ्च हुन सक्दैन । प्रयोजन बन्न सक्दैन । बुद्धले मनुष्य मनमा जुन जरो हाले त्यो स्वान्त सुखाया थिएन । सिद्धार्थ गौतमको प्रयोजन सर्ब कल्यानार्थ थियो । बुद्ध मानिस बने, राजकुमार बनेन । सिंहासन त्यागे, प्रियदर्शिनी कोमल मुटु र अधरको मुस्कानलाई तिलाञ्जली दिए ।

जहाँजहाँ त्याग र तिलाञ्जली छ त्यहाँ त्यहाँ बुद्धका सिद्धार्थले अर्थ बोध पाएको हुन्छ । जहाँजहाँ अर्थ बोधका ब्योम खुल्छ त्यहाँ त्यहाँ सिद्धार्थ बुद्धका गौतम गगनचुम्वी सगरमाथाझैं उठेको हुन्छ । बुद्ध स्वयम् आफू भित्रबाट बनेका धरोहर मानिस मानिस भित्रका मानिस, मानिस बाहिरका सहृदयमा मानिस । उनले सम्पूर्ण मानिस जातिका प्राणीलाई मानिस बनाउने चेस्तामा आफूलाई मानिस बनाए सबैभन्दा अगाडि बुद्धले जानेका थिए, पहिल्याएका थिए । आफै मानिस बन्न नसकी अरुलाई मानिस बन्न सघाउने सकिन्न ।

भौंतारी भौंतारी म बुद्धलाई खोजी रहेछु मेरै अन्तस्करण भित्र लुछि-छिपी बुद्धले मलाई छुन खोजी रहेछ । म बुद्ध देख्ने रहर राख्छु । बुद्धले मलाई पाउने चेस्ता गर्ने हो । म बुद्धलाई भेटाउन लम्कन्छु । बुद्धले हात पसार्छ मलाई फेला पार्न । बुद्धले मलाई छुन छुन खोज्छ । म बुद्धलाई देख्न सकी राखेको हुन्न । बुद्ध र मेरो बीच एक अजीव चहारी मेला लाग्छ । तर, बुद्ध चहारेर भेट्न नसकिने आज रहेछ । बुद्ध त स्वयम् अनेकशीलभित्रको शालीनता रहेछ । बुद्ध खोजको विषय रहेनछ । उ त प्राप्तिको ओजश्वी ओज रहेछ ।

यो स्तूप बुद्धकै स्मारक हो । त्यो चैत्य पनि बुद्धकै चेतनाको स्मारिका रहेछ । उ त्यो स्वयम्भूको गुम्बा पनि त बुद्धकै मस्तिकको प्रतीक हुँदो हो । त्यो गुम्बजमा उतारिएका त्रि-नेत्र पनि त बुद्धका लोलाएका आँखाको भाका हुँदो हो । परन्तु, बुद्ध स्वयम् एउटा स्मारक बन्न सक्दैन । बुद्ध खाली स्मारक सीमित रहन सक्दैन । स्मारक त संस्मरण गराउने एउटा भीष्ट साधन मात्र हो ।

*क्रमशः....*

# भीगु धर्म छु खः ?

✍ डा. गणेश माली

भीगु धर्म छु धाइबले मस्मूम्ह छम्ह जि नं जुयाच्वंगु खः । न्हापा मचाबले जिं खनाच्वनागु खः, जिमिगु परिवारे दक्वं धर्म दुथ्यावा च्वंगु । तः धं एकादशीया ब्रत च्वना पशुपति महाद्यया थाय् वनिगु, गुंबले पुन्ही पारु पन्ध्रांचह्रे खुनु खुथ न्हापां दना ीवयंभूई वनिगु, भिंद्य, गणेश, मांकाःद्य दक्वं पुज्याना जुईगु, मोहनी बले दुर्गा भवानी पुज्याना बलि बीगु, माघ बले नं स्वस्थानीया बाखँ कंकिगु, मफैबले फू फाः यायेत गुरुजु याथाय् ब्वाकीगु-थ्व फुकं जिं खना च्वनागु खः ।

भिंनिदं ति दुबले जिके छुं धर्मया चेतना दयावल । अबले महाभारत, रामायण, गीत स्वयेगु दयावल, कृष्ण चरित्र धैगु सफु छगु ला जि मचा बलेनिसं हे छें दुगु खः । डा इन्द्रमान वैद्यजुं नेपालभाषां अनुवाद याता तःगु 'धर्मपद' धैगु उबले प्रकाशित जूगु खः । जिमि बौया रामायण ब्वनेगु तस्सकं यः । चन्द्र शम्शेरया पाले छम्ह नेपालले वःम्ह साधु मौनी बाबा धाः म्हेसियां प्रेरणा बियाः तुलसी दासयुग रामायणत नेपालभाषां अनुवाद याना छापे याके ब्यूगु जुयाच्वन । व कर्मचारी तयूत सित्ति हे इना ब्यूगु जुयाच्वन । जिमी बौनं नं छगु सफू क्या हल । थःगु ज्या सिधक्का छें लिहाँ वयू धुकां बेला खबतय् थः आरमं च्वना जितः रामायण ब्वंके बीगु आःतकं लुमंनि । थ्व फुकं जिगु नितिं अजू आइपुगु खँ जुयाच्वंन ।

अले छन्हु ला जिगु आर्श्चयया सीमा हे मन्त । जिं साहस पिकाय छन्हु जिमी बौयाके न्यं हे न्यना । 'बा ! भी थःगु हे धर्म छु खः ?' जित : हक्काः जिमि बौनं धाल -धत्, लाटा । उलिन न मस्यूला छं, भी सबीकले ,बइबले गुरुजुपिं छें वयाः याइगु मखँ ला छँ ? भीपिं बौद्ध का !' जिमि बौ नं थुलि छु धाल जि ला । मन मन जिंत थः ते न्हयसः थना - 'आयुसा बौद्ध तयुगु धर्म धैगु छु गथे खः ले ? जिमि थाय् छें छु, जुयाच्वना वहे बुद्ध धर्म खः ला ?

थुकिया लिसः जितः न्हयदँ च्वादँ लिपापतिति दत । जिथाय् छें अबले बुद्धधर्म माने यागेगु धैगु हे स्वयंभुई भवना 'द्य' याथात् पूजायाना प्यारा लो सुकः वनेगु जुयाच्वंगु ख : । उबसले पचाबले जिमि ततापिं थथे धका हाला ज्वीगु जितः लुमनि ।

'हलुवाई पसले प्रा मरि दु, स्वयंभूई भगवान दु .। य भगवान ! छंत जिं न प्यारामरि छाय् जितः वरदान ब्यू ।'

अबले जि न्हि न्हिं सुथ न्हापां स्वास्थ्यया नितिं व धर्मया निति न धकाः स्वयंभूई चाहयू वनेगु याना च्वनागु, जि नाप चाः हयु वैम्ह पासा छम्ह नं दुगु खः । स्वयंभू चाहयू वनेबले बुद्धया बारे नं खँ ज्वीगु । छन्हु व खँयाखँय् धाल-'अय, जिथाय छें हिन्दी भाषा च्वयाःतःगु बुद्धयाबारे सफू छगू दु, छँ स्वयूला ?' जिं ज्यू धसा । सफू क्या स्वया । सफूया नां खः 'बुद्ध जीवनी', बर्माया छम्ह भिक्षुं च्वः गु, हिन्दी अनुवाद याना तःगु ।

सफू ब्वना जिके दुने धर्मया मिखा चाःथे जुयावल । अहो ! बुद्ध धर्म धैगु ला तस्यकं हे बाँलाःगु खनी धका मत्तीवन । अले जिथाय् छु छु जुया च्वन व दक्व बुद्धधर्म कथं मखु धका नं सिया वल । जिगु मने थथे विचार वल थःगु धर्म नं बुद्ध हे खः सा बुद्ध बुद्ध धर्मयात हे फछिं फक्व अध्ययन छको छाय् याना मस्वयेगु ?

अमृतानन्द भन्तें नेपाल भाषां अनुवाद याना तःगु धम्मपद धैगु सफू राहुल साँकृत्यायनजुं च्वतातःगु 'बुद्ध चर्या' धैगू सफू, राहुलजुं हे हिन्दी अनुवाद याना तःगु त्रिपिटकया 'दी निकाय' व 'मज्झिम निकाय' धैगु सफू स्वया । अनं लिपा मेमेगु ल्हाते लाःगु बुद्ध बुद्ध धर्मया सफूत

नं स्वया । लिपा भिक्षु अमृतानन्द महास्थवीर, सुदर्शन महास्थविरपिं पाखें न बुद्ध धर्मयाबारे छु अपो खं सिया वल ।

थ्व लेखे जिं थू कथं बुद्ध धर्मया सार खँ टकु कनाच्वना ।

बुद्ध नेपाले जन्म जूम्ह, भ्री थें जाःम्ह हे छम्ह मनू खः, राजकुले जन्म जुयानं मनू तय्‌त जुयाच्वंगु दुःखं तस्यकं चिन्तित जुया थ्व जन्म जार व्याधि मृत्यु व मानव समाजे वयाच्वंगु विकृतित खना, गथेकि राग द्वेष मोह इर्ष्या काम क्रोधया कारणं शोषण, दमन, अन्याय, अत्याचार जुयाच्वंगु खनाः, थ्व दुःख छाय् जुल, ग थे याना थुकियात निर्मूल यायेफै धका चाः न्हिं चिन्तन यानां, थुकियात मदय्‌केगु लँ मालेगु थःगु जीवनया लक्ष दयेका २९ वर्षया बैंसे हे, राजसी ऐश आरम, कला मचा, दक्वं त्वःता, ज्ञानया नितिं श्रमण जुया चाःचा हुला जुल । अबलेया गन्यमान्य नां जाःपिं उद्दक रामपुत्त, आलार कालाम आदि विद्वानपिनिपाखें न्यने कनेयाना व अभ्यास याना स्वयां नं थःगु लक्ष पस्वंथु मखनां थःम्हं तुं लँ मालेगु दृढ -संकल्प याना, खुदँ तक तपश्चर्या यातः अले थः त ज्ञान दर्शन जुयेवं, थः नं दुःखं मुक्त जुया लोकया हित सुखया निंति थःम्हं खँगु लँया प्रचार याना, ८०, दँप् महापरिनिर्वाण जुल ।

बुया मूल उपदेश थुलि हे खः-

'दक्व अकुशल कर्म (पाप) मयायेगु,<br>
दक्व कुशल कर्मयात सम्पन्न यायेगु<br>
व थःगु चित्तयात निर्मल क्लेश रहित याना तयेगु'

अकुशल कर्म मयासे भिंगु आचरण यायेगुतात शील पालन यायेगु धाइ । गृहस्थपिसं पालनयासे माः गु मुख्यगु शील न्यागू दु -

१) प्राणी - हिंसा मयायेगु,<br>
२) मखुगु खँ मल्यायेगु,<br>
३) मबीकं मकायेगु,<br>
४) व्यभिचार (काम-मिथ्याचार ) मयायेंगु व<br>
५) एला थों आदि मादक पदार्थ सेवन मयायेगु ।

थ्व न्याताजक भ्रीगु समाजे पालन जुया च्वंसां थ्वप समाज गुज्युःगु जुइ भ्रीसं अनुदान यायेफु ।

अले बद्ध धर्म कथं दुःखया नाश यायेगु मूलँपु ख :-

१) शील-(सम्यक्, कर्मान्त, वचन र आजीविका)<br>
२) समाधि-(सम्यक्, प्रयन्त, स्मृति व समाधि)<br>
३) प्रज्ञा -(सम्यक् दृष्टि व संकल्प)

सम्यक् धैगु बाँलागु ठीकगु खः । शील धैगु शरीर, मन र वचन भिंगु यायेगु, कतः यात हानि मजुइकथं जीविका यायेगु, सत्य व प्रिय व चन ल्हायेगु, हिंसा, द्वेष, क्रोध, इर्ष्याय भावना भने मतयेगु लोभ मयायेगु । थः गु जीवनयात भिंकेजु संकल्प यायेगु, होश तयाः थःगु चित्तयात बशे तया जुयेगु, शील पालन यायेगु खः ।

थलि जुयाच्वन धायेवं भ्रीगु चित्त बुलुहुँ बुलुहुँ समाहित स्थिर ज्वी । अले मथे मसंगु लखे न्हायेकंनेथें खनेदयावै, अथे हे स्थिरगु चित्ते प्रज्ञा (ज्ञान-दर्शन) लुया वै, संसारया बारे यथार्थ ज्ञान लुया वै । सम्यक् दृष्टि धैगु सत्ययात खनिगु खः । थ्व ज्ञान लुया वल कि भ्रीत गुगु अविद्यां (अज्ञानं) तोपुया च्वंगु खः व चिला वनी, अले भ्रीपिं दुःखं मुक्त ज्वी ।

थुकिया लागि शुद्ध आचरण यायेगु अत्यावश्यक जू । बुद्ध धर्म अन्यन्त सरलगु अःपुगु धर्म खः । थुकी गुलिनं पूजा आजा तडकभडक आडम्बर खने दया च्वन व दक्वं लिपा दुथ्याना च्यांगु विकृति कथं खः ।

भगवान् बुद्ध व्यक्तिगत शान्तिया लँ जक मुख, सामुदायिक शान्तिया नं लँ भ्रीत क्यना ब्यूगु दु । समाजे गन गन राग, द्वेष व मोहया केन्द्र जुया च्वंगु खः अन अन उपि मदयेका बुद्धया थःगु संघेये सरलता व समता हयेत बुद्धं भ्रीत प्रेरणा बियाच्वंगु दु । दक्वं मिलेचले जुया न्ह्याकीगु वर्ग ल्वापु विहीन जुयाच्वंगु वैशाली गण राज्ययात बुद्धं प्रशंसा यानातःगु बौद्ध ग्रन्थ त्रिपिटके थाय्‌थासे उल्लेख जुयाच्वंगु दु ।

भगवान् बुद्ध गुगु लँ मानव मात्रया लागि धकाः चायेका थकूगु खः व लँय् वनाःभ्रीता फाइदाबाहेक हानी मदु । बुद्ध धर्म धैगु छु धैगु सीका उकियाजु बाँबाँ लाःलु खंयात थःगु जीवनले नाला क्या भ्रीगु कल्याण हे ज्वीगु खः ।

बुद्धं गुगु सरलगु मध्यम मार्ग भोग विलासे दुनाज्वीगु नं मखु, शरीरयात कष्ट बिया ज्वीगु नं मुख, दथुयागु लँ क्यना थकूगु खः, व ज्ञानया मिखा चायेका बीगु लंयता बौद्धमार्गी तयेगु जक लँ धायेगु पाय्‌छि मजू, छाय् धाःसां व लँ बुद्ध मानव मात्रया लागि चायेका थकूगु खः, उकिं थ्व बुद्धं क्यना थकूगु धर्मयात मानव धर्म धायेजु पाय्‌छि ज्वी व मनू मात्रं आचरण यायेजु दीर्घकालतक हित व सुखया निंतिं ज्वी ।

दक्वसिंत शान्ति ज्वीमाः मंगल ज्वीमा : ।

❖❖❖

# नेपालका एक श्रद्धालु दाता– धर्मबहादुर धाख्वा:

✍ रत्नसुन्दर शाक्य



बुद्ध शासनको इतिहासमा बुद्ध धर्मको प्रचारप्रसारार्थ बुद्धको जीवनकालदेखि नै राजाहरूले भन्दा बढी (अत्यधिक) सहयोग साहु व्यापारी ( महाजन) हरूले गर्दै आएको प्रमाण यथेष्ट छ । सो स्थिति हालसम्म पनि धर्म प्रेमी साहू व्यक्तिहरूले आफ्नो काम धान्दाको साथै आफ्नो धर्म र संस्कृति प्रसारमा योगदान पुऱ्याउँदै आएका छन् । यही क्रममा आधुनिक युगमा नेपालमा पनि बुद्ध-धर्मको प्रचारप्रसारमा अटुट सहयोग गर्दै आउनुभएका साहु व्यक्तित्वहरूमा धर्मबहादुर धाख्वा: पनि एक हुनुहुन्छ । उहाँको जन्म वि.सं. १९७३ सालको फागुन महिनामा ललितपुरको नागबहालस्थित एक सम्पन्न धाख्वा : (शाक्य) परिवारमा भएको थियो । उहाँ पिता बुद्धज्योति धाख्वा: र माता बेटीमाया धाख्वा: का कनिष्ठ पुत्र हुनुहुन्छ । मातापिताले उहाँको नाम सुरुमा 'सम्यकरत्न' राखेको भए तापनि पछि उहाँका दाजुहरू (जितबहादुर, पूर्णबहादुर, हीराबहादुर) सरह उहाँको नाम पनि 'धर्मवहादुर' राखिएको थियो ।

त्यसताका (राणाकालको सुरुमै) भव्य रुपमा सम्यक महादानपर्व त्यसबेलादेखि नै विशेषत: पाटनको सुप्रसिद्ध हिरण्यवर्ण महाविहारमा मन्दिरभित्र ढोकामाथि चाँदीको तोरण, देवलमा सुवर्णमखा झ्याल, टुँडालमा अवस्थित विभिन्न देवदेवीहरूको प्रतिमामा सुनको मोलम्बा लगाउनु, देवतामा सिर्फ ५ वटा मात्र चैत्य रहेकोमा ८ वटा थपि १३ वटा सुवर्णमय चैत्य राखि कीर्ति राखिएको अविस्मरणीय छ ।

यस्तो सम्पन्न परिवारमा जन्मनुभएता पनि धर्मबहादुर धाख्वा: ले सांसारिक भव दु:ख अनुरुप ६–७ वर्षको उमेरमै पिता बुद्धज्योति धाख्वा: को छत्रछायाँबाट वञ्चित हुनुपरेको थियो ।

उहाँको पिता बुद्धज्योति-दोस्रो पटकको भव्य सम्यक महादान पर्व सम्पन्न गरेको केही वर्षपछि नै केही दिनको बिरामी (क्षयरोग) बाट तत्कालै उपचार गर्न नपाएको कारण निधन हुनु पुगेको थियो ।

धर्मबहादुर धाख्वा:ले आफ्नो बाल्यकालमा केही वर्ष पाटन हाइस्कूलमा अध्ययन गर्नुभएको थियो । तर घरायसी समस्याको कारण उहाँले आफ्नो अध्ययन-अध्ययन अगाडि बढाउन सक्नुभएन, उहाँलाई आफ्नो ज्येष्ठ दाजु जितबहादुर धाख्वा : - (वि.सं. १९६१-२०४०) को स्थानमा ल्हासा (तिब्बत) को व्यापार कोठीमा सहयोगार्थ जान बाध्य तुल्याइयो ।

उहाँ ल्हासामा रहनुभएको बेलामै यता नेपाल (पाटन) मा आफ्नो आमा बेटीमायाको निधन हुनपुग्यो । त्यसबेला उहाँका दाजुद्वय (पूर्णबहादुर र हीराबहादुर) पनि शिगर्चे (झिखाछें) बाट त्यही आइरहनुभएको संयोग परेको थियो ।

अत: उहाँहरू तीनै दाजुभाइले आफ्नी आमाको नाममा ( स्मृतिमा) विशेष पुण्यकार्य सम्पन्न गर्नुभएको थियो ।

१५-१६ वर्षको धर्मबहादुर धाख्वा: तिब्बत गमनको बेला पहिलेको बाटो साँखु जलविरा-चौतारा-कोदारी-खासा हुँदै जाने बाटोको सट्टा कालिम्पोङ्ग-सिक्किमको बाटो हुँदै ल्हासा पुग्नुभएको थियो । त्यसताका ल्हासा पुग्न प्रत्येकले त्यहाँको सुप्रसिद्ध एवं भयानक नदी ब्रम्हपुत्र पार गर्नुपर्दथ्यो । उहाँ पनि अन्य यात्रुहरू सरह यातुङ-फारी हुँदै ब्रम्हपुत्र नदी पार गरि ल्हासा पुग्नुभएको थियो ।

दोस्रोपटकको तिब्बत यात्रामा धर्मबहादुर धाख्वा:ले ग्याँचीमा पुग्दा त्यहाँ धाख्वा: परिवार कै एक बालक रहेको थाहा पाए । ती बालक हुन् -उत्तमरत्न धाख्वा: । उनी नातामा उहाँकै नीति थिए । ग्याचीबाट उहाँहरूको यात्रा झिखाछेंको निमित्त हुने गर्दथ्यो ।

उहाँहरूको सुरुको व्यापार केन्द्र नै 'झिखाछें' थियो । त्यही रही व्यापार गरी उहाँहरूले दुईपटकसम्म सम्यक महादान कार्य

सम्पन्न गर्नुभएको थियो । पछिमात्र उहाँहरूले ल्हासामा व्यापार कोठी स्थापना गर्नुभएको थियो ।

ल्हासामा उहाँहरूको व्यापार कोठीको नाम थियो -मानिग्याप ग्याछुं (Manigyap Gyalstion) । जस्तो कान्तिपुर त्यौडका सुप्रसिद्ध साहु धर्ममान तुलाधारको कोठीको नाम 'छु - सिङ-ह्या' र भाजुरत्न साहुको कोठीको नाम 'श्यामुकापु' थियो ।

धर्मबहादुर धाख्वा: ल्हासामा व्यापार कार्यमा रहँदै गर्नुभएको बेला उहाँले व्यापारको साथसाथै त्यहाँका विशेष स्थानहरूको पनि अवलोक्लन गर्न जानेतिर पछि पर्नुभएन । उहाँ ल्हासादेखि दक्षिणमा अवस्थित 'भ्याम्पालिङ' जहाँ वर्षको एकपटक व्यापार मेला पनि हुन्थ्यो । वहाँ त्यहाँ जानुभएको थियो । ल्हासाबाट ४ दिनको बाटोमा रहेको त्यस स्थानमा पुग्न ब्रम्हपुत्र नदी (छालाको डुङ्गामा रही) पार गरेर जानुपर्ने रहेछ । त्यहाँ एक विशाल चैत्य जुन तिब्बतका राजा द्वङ लदे (सन् १०५९-११०८) को शासनकालमा शाक्यभिक्षु अश्वधर्मको निर्देशनमा नेपाली व्यापारी सिंहसार्थबाहुको स्मृतिमा बनाइराखेको थियो र त्यसको पनि दर्शन गरेर आउनुभएको थियो ।

धर्मबहादुर धाख्वा: ले तिब्बतमा अन्य विभिन्न धार्मिक स्थलहरूको मात्र अवलोकन गरेर आउनुभएको थिएन । त्यहाँको अजीव दाहसंस्कार पद्धतिको पनि प्रत्यक्ष अनुभूति लिएर आउनुभएको थियो । त्यहाँ मृतकको शवलाई यर्वा (दीप) मा पुऱ्याई शवका सबै मासु टुक्रा टुक्रा पारी अलग्ग राखिने र पछि बाँकी रहेका हाडहरूलाई ठूलो घनले चूर्ण पारी चप्पासँग मिलाई गिद्धहरूलाई खुवाउँथ्यो र पछिमात्र मासु खुवाउने गरिन्थ्यो । यस दाहसंस्कार कार्य सम्पन्न गर्न अति सतर्कता अपनाउनु पर्दथ्यो नत्र गिद्धहरूले त्यो कार्यगर्नेवालालाई नै सखाप परिदिन सक्दथ्यो ।

धर्मबहादुर धाख्वा:ले ल्हासाको निवासकालपछि अधिक समय कालिम्पोङ सहरमा बिताउनुभएको थियो त्यतिबेला कालिम्पोङको परिस्थिति पनि बदलिँदै (प्रतिकूल हुँदै) आएको कारण उहाँ नेपालमै फर्कनुभयो ।

नेपालमा आई उहाँले केही समय लगनखेलस्थित मास्टर करुणाकर वैद्य कहाँ केही शिक्षाध्ययन गर्नुभएको थियो । उहाँले अंग्रेजीमा पनि केही दक्षता प्राप्त हुनासाथ विदेश भ्रमणमा लाग्नुभयो जुन क्रममा इङ्लैण्ड र अमेरिकामा पनि पुग्नुभएको थियो । उहाँले विशेषत: भिक्षु अमृतानन्द महास्थविर (वि.सं. १९७५-२०४७) र भिक्षु सुमङ्गल महास्थविर (वि.सं. १९८६-२०५५) का साथ विदेश यात्रा सम्पन्न गर्नुभएको थियो । अत: उहाँहरू द्वय महास्थविरसित उहाँ अधिक प्रसन्न (ऋणी) हुनुहुन्छ ।

उहाँले एसिया र युरोपका अधिकांस मुलुकहरूको भ्रमणको क्रममा इण्डोनेसियाको जावास्थित विशाल (बोरोबुदुर महाचैत्य) को अवलोकनबाट अत्यधिक प्रभावित हुनुभएको थियो ।

उहाँको विदेशको भ्रमण विभिन्न सभासम्मेलनको अन्तर्गत पनि परेको थियो जस्तो सन् १९७८ मा उहाँको जापान भ्रमण १२ औं विश्व बौद्ध सम्मेलनअन्तर्गत थियो । त्यसबेला उहाँ भिक्षु महानाम महास्थविर 'कोविद', साहु ज्ञानज्योति कंसाकार आदिका साथ जानुभएको थियो त सन् १९८३ को फ्रेबुवरी २६ देखि ४ मार्चसम्म बङ्गलादेशको राजधानी ढाकामा सम्पन्न आचार्य दिपंकर श्रीज्ञानको १००० औं जन्मजयन्तीको कार्यक्रमा उहाँ भिक्षु अमृतानन्द, लोकदर्शन बज्राचार्य र प्रो.आशाराम शाक्यका साथ जानुभएको थियो ।

आफ्नो पुर्खौंलीदेखि दान धर्मकार्यमा आस्था रहेको संस्काअनुरुप उहाँमा पनि विशेषत: बुद्ध धर्मको साथै आफ्नो मातृभाषा नेपालभाषासाहित्यप्रति समर्पित भई सोको उत्थानमा लागिरहनुभएका व्यक्तिहरूलाई उचित कदर (सेवा र योगदान) स्वरुप वि.सं. २०५१ सालदेखि विशेष सम्मान एवं नगद सिरपा: प्रदान गर्दै आइरहनुभएको कुरा धेरैमा अवगत भएकै कुरा हो ।

स्मरणीय छ, साहु धर्मबहादुर धाख्वा:ले उक्त सम्मान एवं अभिनन्दन वि.सं. २०५१ साल फागुन ६ का दिन सर्वप्रथम पं. दिव्यवजु बज्राचार्य र पं. हेमराज शाक्यलाई प्रदान गर्नुभएको थियो ।

यसको वर्षदिनअगाडि मात्र उहाँले १३ भाद्र २०५० का दिन लुम्बिनीमा निर्मित स्वयम्भू महाचैत्य निर्माणार्थ श्रदेय छेचुकुश्यो लामा (रिम्पोछे) र लोक दर्शन बज्राचार्यको उपस्थितिमा एक लाख एक रुपैयाँ प्रदान गर्नुभएको थियो ।

धर्मबहादुर धाख्वा: ले १७ फागुन २०५५ का दिन आफूले सञ्चालन गर्दै आइरहेको सम्मान एवं अभिनन्दन कार्यक्रमलाई निन्तरता दिन आफ्नै धाख्वा: परिवारलाई 'धर्मबहादुर धाख्वा: कल्याण कोष' नामक एक समिति स्थापना गर्नुभयो । उहाँको संस्थापक एवं संरक्षकत्वमा गठित उक्त कल्याण कोषमा देवरत्न धाख्वा:-अध्यक्ष, उत्तमरत्न धाख्वा:- उपाध्यक्ष, विकासरत्न धाख्वा:- सचिव, डा. रञ्जना बज्राचार्य, -सहसचिव, सुवर्ण धाख्वा:-कोषाध्यक्ष र सदस्यहरूमा तोयबहादुर धाख्वा:-दयारत्न धाख्वा:, पद्मोरत्न धाख्वा, विनयरत्न धाख्वा, अमिता धाख्वा: र मीरा शाक्य रहेका थिए ।

धर्मबहादुर धाख्वा: कल्याणकोष स्थापना भएको पाँचौं दिनमै अर्थात् २२ फागुन २०५५ का दिन उक्त कोषले बुद्ध धर्ममा समर्पित

भई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमै बुद्धधर्म प्रचारप्रसारमा लागिरहनुभएका भिक्षु सुमङ्गल महास्थविरलाई पनि सम्मान गरिएको थियो । संयोगको कुरा हो, धर्मबहादुर धाख्वा: कल्याण कोषको तर्फबाट सम्मानित भई साँझतिर आफ्नो विहारमा फर्कनुभएका उहाँ (भिक्षु सुमङ्गल) रातको ११ बजेतिर एक्कासी हृदयघात भई निधन हुन पुग्यो ।

धर्मबहादुर धाख्वा:ले आफूद्वारा स्थापित उक्त कल्याण कोषको तर्फबाट मात्र आफ्नो त्यागी स्वभाव (उदारता) प्रकट गरिएको होइन अन्य ठाउँ-ठाउँमा पनि त्यतिकै योगदान गर्दै आइरहेको अवगत हुन आउँछ । उहाँले २७ भाद्र २०५३ का दिन पाटनको हिरण्यवर्ण महाविहारमा उहाँहरूको परिवारले पहिले प्रदान गरिराखेको १०८ तोलाको सुनको देवा, फेरि उहाँहरूकै धाख्वा: परिवारबाट ५८ तोलाको सुनको देवा राखेको पनि हराएको कारण उहाँले पुन: १७ तोला ५० लालको देवा तयार गरी उक्त विहारमा चढाउनुभएको थियो ।

उहाँले ५ कार्तिक २०५८ का दिन नागबहाल सामुदायिक स्वास्थ्य सेवा केन्द्रलाई पनि नगद रु. ५०,०००/- चन्दा प्रदान गर्नुभएको थियो ।

२ चैत २०६४ का दिन यस पत्रिका लेखकलाई पनि उहाँबाट वा 'धर्मबहादुर धाख्वा: कल्याण कोण' को तर्फबाट सम्मान एवं अभिनन्दन गरिएको थियो । उक्त दिन युवा बौद्ध समूह-काठमाडौंका सल्लाहकार हर्षमुनि शाक्य, नेपाल बौद्ध परिषद्का संस्थापक महीश्वरराज बज्राचार्य एवं अमरापुर विहार बुंगमतिलाई पनि सहयोगस्वरुप रकम प्रदान गर्नुभएको थियो ।

यसप्रकार आफ्नो दीर्घजीवनकाल (निधन-२ कार्तिक २०६७ वि.सं.)मा धर्मबहादुर धाख्वा: ले बुद्ध धर्म र बौद्ध संस्कृतिको उत्थानमा दत्तचित्त भई लागिरहनुभएका व्यक्तिहरू एवं बौद्ध संघ संस्थाहरूलाई सम्मान एवं प्रोत्साहन दिएर पनि त्यसमा आफूले केही नबोलिकन, गर्व नगरिकन शान्त र गम्भीर मुद्रामै रहने प्रकृति देखिएबाट उहाँको स्वभाव प्राचीन एक नीति श्लोकसित ठ्याक्कै मिल्न आएको महशुस गरेको छु । सो श्लोक यसप्रकार छ -

प्रदानं प्रच्छन्नं, गृहमुंगते संभ्रमविधिः,<br>
प्रिय कृत्वा मौनं, सदसि कथनं चाप्युपकृते :,<br>
अनुत्सेको लक्ष्म्यां,निरभिभवसाराः परकथा :,<br>
सतां केनोदिष्टं विषमसिधारा व्रतमिदम् ॥

अर्थात् - गुप्त रुपमा दान दिनु, घरमा आएका अतिथिलाई स्वागत गर्नु, प्रिय (उपकार) कार्य गरेर चूप रहनु, अरुले गरेको उपकारलाई सभामा बोल्नु, सम्पन्नतामा गर्व नगर्नु, परनिन्दामा वास्ता नगर्नु जस्ता कठोर तलवारका धारमा चल्नु समान व्रत सत्पुरुषहरूलाई कसले सिकाएको होला ? कसैले पनि होइन, त्यो त सत्पुरुषहरूको स्वाभाविक गुण हो ।

❖❖❖






# Ambapali

## Courtesan Turned Bhikshuni



Ambapali was born in the Royal garden of Vaishali under a big and beautiful mango tree. As she was discovered by a gardener lying at the foot of the mango tree, so she was given the name of Ambapali which means protected by mango tree. And when she came of age, she was beautiful and was known all over Vaishali as the most beautiful woman. She excelled in dancing, singing and playing musical instruments. Many princes of Vaishali vied with one another to posses her.

There was strong competition among caste-conscious Licchavi princes. There was even fear of fighting and bloodshed. This critical situation was put to an end by panchayat (a meeting of elders). The Panchayat decided that Ambapali should stay with all the suitors as their common wife. King Bimbisara was one of them. The rivalry was settled by appointing her as a chief courtesan dancer of Vaishali. Because of her graceful presence, Vaishali republic was very popular and prosperous. Vaishali was the most democratic and highly developed Licchavi republic situated in the northern side of Gangetic fertile land (modern uazzapbarpur, Bihar, India).

It is said that she charged the princes fifty Karshapanas (golden coins) for spending a night with her. Among Ambapali's men was King Bimbisara. Ambapali gave birth to a son from

courtship with King Bimbisara. The child became a Buddhist monk by the name of Bhikku Bimal Kodayanna. He influenced her mother to take decision to renounce the world.

Later, Ambapali became disgusted with fame and money to become a devout Buddhist disciple. She built a vihara in her own garden and presented it to Lord Buddha as an offering to the Sangha. This was during the Buddha's last visit to Vaishali sometime before his Mahaparinirvana in Kushinagar. Ambapali heard of Lord Buddha's visit to Vaishali sometime before his Mahaparinirvana in Kushinagar. Ambapali heard of Lord Buddha's visit to Ambapali Vana. She and her retinue drove-out of the city in magnificent chariots to see Lord Buddha. lord Buddha was then delivering a discoursel After hearing the discourse, she invited the Buddha and the Sangh to accept bhojan for the next day. The Buddha accepted her invitation. Ambapali was very lucky that the Buddha himself accepted her offer.

When she was returning excited with the Buddha's acceptance of her invitation to bhojan, she met some powerful and prestigious Licchavi princes of Vaishali. The Licchhavi Princes were also going to the Buddha to invite him for bhojan the next day. But when the princes came to know that Lord Buddha had already accepted the invitation of Ambapali they were disappointed. They were prepared to offer her any amount of money if she was prepared to give them the opportunity to invite the Buddha for bhojan in their residence. But Ambapali was no longer interested to heed to their request no matter whatever they offered her in return.

Just before Ambapali's visit to Lord Buddha, the Buddha had admonished the monks to be steadfast and mindful themselves. and that they should not lose their sense about her beauty.

It was after theis meal that Ambapali offered the beautiful Ambapali Vana, to the Buddha and the Sangha. The Buddha accepted the gift and stayed there sometime before going to Beluva. The Buddha preached three suttas there, two of them being on the importance of the satipatthana (mindfulness). In the third sutta he dwelt on the impermanence of all Sankharas (worldly things).

**Ambapali: Courtesan of Vaisali**

It is not inappropriate that the Buddha should have delivered a lesson on mindfulness in Ambapali's grove at Vaisali. Ambapali was the most beautiful, most popular, and most rich courtesan in Vaisali. On one level, she represented everything from which the Buddha would have his follower turn away: slavery to the senses and to luxury. However, courtesans in India were often great artists, singers, dancers and poets. Their talents were coupled with a unique wisdom, gained through their professional experiences of the weaknesses that assault the mind and body. In order to gain power over her clients and seduce from them her living, the courtesan had to be able to understand and manipulate her client's sexual and emotional vulnerabilities. The client is no helpless victim. He knows he is entering a dangerous, game and while he does not want to win that game, he does not want to lose it wholly either. Thus, the courtesan must find and play on vulnerability stronger than her client knows to lie within him. Because of her keen knowledge of the human temper, the courtesan has often been understood to keep herself at a cynical distance from the webs of lust and love.

She must be mindful, if cynically so, in order to win the love game many times over. She must win early and often, for she knows, more trenchantly than many lay disciples that the body's beauty is fleeting. If the courtesan is cynically mindful of physical frailty, she may be, at the same time, poignantly and wisely so. At the height of her powers, Ambapali invited the Buddha to dine at her house and then donated her mango grove to his order. He verse in the Therigatha, composed when she had joined the order in her later years, is a moving expression of the body's fickle changes.

❖❖❖

# "बुद्ध धर्ममा विहार परम्पराको ऐतिहासिकता"

✍ डि.आर शाक्य 'ऋषि', भक्तपुर

बुद्ध धर्ममा विहार परम्पराको ऐतिहासिकता आफ्नै स्थानमा छ । चाहे हाम्रो देश नेपालको बुद्ध धर्मको विहार, परम्परा होस् या त भारत, श्रीलङ्का, बर्मा लागोस् भियतनाम, कम्बोडिया, थाइलाण्ड, चीन एवं पश्चिमेली राष्ट्रको बुद्ध धर्मको विहार परम्परामा पनि आ–आफ्नै शैलीको परम्पराको ऐतिहासिकता अच्छुन्न रहेको हुन्छ । तथापि बुद्धको धर्म नै हो । तर शैली फरक भएता पनि बुद्धको मुल शिक्षा एवं दर्शनलाई केन्द्रीत गरेको हुन्छ नै । मूलभूत रुपमा बुद्धको मैत्री, करुणा शान्ति र अहिंसालाई त अरु धर्महरूले पनि कहिंकतै मान्यता दिएको छ । तर विहार शब्दबाट नै बुद्ध धर्म व्याप्त भएको वा धर्म सम्प्रेसन भएको सम्बन्धी विचार गर्दा खेरी साँच्चनै बुद्ध धर्ममा विहार शब्दबाट नै बुद्ध धर्मको र संघको विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ । यस सम्बन्धी विहारको शाब्दिक अर्थ र परिभाषा पनि केही ने केही बुझ्नुपर्छ, वास्तवमा विहारको शाब्दिक अर्थ 'आराम' हो । त्यस्तै अर्को अर्थ विद्या आचरणले सम्पन्न हुने (वि=विद्या, हार सम्पन्न) हो । त्यसको अर्को पनि अर्थ छ । विहार – विचरण गर्ने, चारिका गर्ने वा यात्रा गर्ने पनि विहारको अर्थ हो । यो विहार शब्द संस्कृत शब्द हो । बुद्ध कालिन समयमा व्यवहारिक रुपले मागधि भाषा (पाली भाषा) को प्रचलन भएकोले विहार' शब्द कहिंकतै पनि प्रचलनमा आएको कुरा पालि बौद्ध साहित्य (Orginal Buddhist Litreture) मा उल्लेख भएको छैन । त्यसबेला विहारलाई 'आराम' भन्ने गरिन्छ । आराम शब्द पालि शब्द हो । यो विहार शब्द बुद्ध परिनिर्वाणको धेरै समय पछि अर्थात् महान बुद्ध धर्म सम्प्रदायको प्रादूर्भाव भएपछि संस्कृत भाषाको प्रयोगबाट नै 'बिहार' शब्दको प्रयोग पनि विस्तारै हुन्दै आएको हो । पछि यो शब्दको व्यापकता भएपछि पालि शब्दबाट भएको 'विहार शब्द विस्तारै ओझेलमा पर्न थाल्यो । आखिर विहार शब्दलाई नै पछि बुद्ध धर्मको परम्परागत मान्यतामा एउटा नयाँ ऐतिहासिक मान्यता दिइयो । त्यसबेलादेखि बुद्ध धर्ममा विहार परम्पराको नयाँ इतिहास जोडेर गयो र आज संसारभरिको बुद्ध धर्म सम्प्रेसन हुने ठाउँलाई विहार नै भन्ने गरिन्छ । बुद्धका लिन समयमा बुद्धले जस्तै श्रमण परम्पराको मान्यताअनुसार धर्म प्रचार गर्दै आउनुभएका परिव्राजक 'निगन्थनाथ पुत्त' (महाविर जैन) सम्प्रदायले पनि आफ्नो धार्मिक गतिविधि गर्ने ठाउँलाई पनि आराम वा विहार भन्ने शब्द सिमित रुपमा प्रयोगमा ल्याएको थियो । अतः एव बुद्ध धर्ममा जस्तै त्यति व्यापक थिएन । त्यसकारण विशेष रुपले विहार वा आराम शब्द बुद्ध धर्मको लागि नै प्रयोग गरिन्छ । अरु अरु धर्म सम्प्रदायहरूले पनि आ–आफ्नै शब्द भाषा अवश्य नै गरिन्छ । जस्तै इशलाम धर्म सम्प्रदायका मानिसहरूले आफ्नो धार्मिक गतिविधि गर्ने ठाउँलाई मस्जिद भन्ने गरिन्छ । इसाई धर्म सम्प्रदायका मानिसले धार्मिक गतिविधि गर्ने ठाँउलाई चर्च भन्ने गरिन्छ । हिन्दु धर्म सम्प्रदायका मानिसहरूले पनि धार्मिक गतिविधि गर्ने ठाउँलाई मन्दिर, मठ भन्ने गरिन्छ । अतः एव बौद्धहरूले त्यस्ता ठाउँलाई विहार वा आरम नै भन्ने गरिन्छ । बुद्ध धर्ममा बुद्धका अनुयायीहरू उपासक उपासिकाहरू भिक्षु भिक्षुणी अनागरिकाहरू यी नै विहारमा बसेर पुजा, पाठ

गरिन्छ । ज्ञान, ध्यान सिकिन्छ । पञ्चशील, अष्टशील एवं विभिन्न शील पालन गरेर सद-कर्म गरेर बस्ने एउटा पवित्र ठाउँ नै विहार । जुन विहारमा स्वयं बुद्ध जीवित भएको बेला ४५ वर्षसम्म मानव धर्म प्रचार गरि जीवन व्यतित गर्नुभएको थियो । त्यसबेलादेखि बुद्ध धर्ममा थप नयाँ इतिहास प्रारम्भ भएको मानिन्छ । हुन त यो विहार शब्द वा आराम शब्द पालि बौद्ध साहित्यअनुसार सिद्धार्थ गौतम बुद्धको जीवनकालदेखि मात्र आएको शब्द होइन भन्ने कुरा उल्लेखं भएको छ ।

बौद्ध साहित्य अनुसार यो लोकमा शिद्धार्थ गौतमबुद्धभन्दा पूर्व विभिन्न काल खण्डमा २७ जना बुद्धहरू उत्पति भएको थियो भने शिद्धार्थ गौतम बुद्धसहित २८ जना बुद्ध प्रार्दूभाव भएको कुरा उल्लेख गरिएको छ । जुन बुद्धहरू उत्पति हुने स्थानलाई जम्बुद्वीप भन्ने गरिन्छ । यसलाई पछि भारत वर्ष भनियो । अर्को कुरा बौद्ध साहित्यअनुसार एउटै बुद्ध शासनकाल (Buddha Period) मा दुई जना कहिल्यै बुद्ध हुँदैन । एउटा बुद्ध शासनकाल सकिएर अर्को बुद्ध उत्पति हुने अवधिलाई बुद्धान्तर कालको रुपमा लिइन्छ । यी नै बुद्धहरूको शासनकालदेखि नै 'आराम' वा विहार भन्ने शब्द आइरहेको कुरा पनि उल्लेख भएको छ । बुद्ध धर्मअनुसार विहार वा आराम शब्द तत्कालीन समयमा धर्म प्रचार एवं पुजा, पाठ, ज्ञान ध्यान सिक्ने । व्रम्हचारिय शील लगायत विभिन्न शील पालन गर्ने पवित्र ठाउँ भए तापनि बुद्ध परिनिर्वाणको धेरै समयपछि (१० औं १२ शताब्दिपछि) देखि नै विहारको बनावट, स्वरुप दार्शनिक ढङ्गबाट पनि प्रस्तुत गर्ने चलन आयो । जुन आज नेपालमण्डलभित्रको बौद्ध विहार (बज्रयाणी बौद्ध परम्पराको विहारहरू) मा आजसम्म पनि एउटा दार्शनिक ढङ्ग (७४/७४ स्क्वायरको भित्रि क्षेत्रफलबीचमा चैत्य र धर्म धातु मण्डल, चारैतर्फ भिक्षुहरू भिक्षुणीहरू र उपासक र उपासिकाहरू बुद्धको धर्मश्रवणको लागि दुई दुई वटा दलामजस्तै ठाउँ भएको त्यसको बीचमा बाहिर जाने ढोका चार वटा सहित गरी बुद्ध लोकेश्वर पंचबुद्धमध्ये कुनै बुद्ध विराजमान भएको मूल गन्धकतीसहित–भएको अर्थात् चतुआर्यसत्य र आर्यअष्टांगिक मार्गको प्रतिकरात्मक स्वरुप भएको विहार) बाट विहार बनाउने चलन आजसम्म पनि विद्यमान छ । जुन विहारमा बज्रयाणी बौद्ध परम्परा अनुसार नै पुजा पाठ हुन्छ । विशेषत यसको व्यापक प्रचलन मल्लकाल ( पूर्वमल्लकाल) देखि नै भएको देखिन्छ । आजसम्म पनि नेपाल मण्डलभित्रका बाँकी बज्रयानी बौद्ध विहारहरूमा कहिं रहेका दैनिक कतै रुपमा पूजा पाठ सञ्चालिन छन् ।

बुद्धको अन्तिम समयदेखि कपिलवस्तु (तत्कालीन शाक्य गणराज्य) देवदह, वैशाली, शाक्यत नगर (अहिलेको अयोध्याः नगर) र विभिन्न ठाउँहरूबाट आएका शाक्यहरू कोलियहरू लिच्छविहरू नेपाल मण्डल प्रवेश भएको थियो । यी नै व्यक्तिहरूबाट पछि यहाँका तत्कालिन जाति जनजातिहरू आदिवासीहरूसँग सद्भाव, मैत्रीभाव राखेर बुद्ध धर्म र संघको स्थापनाको लागि विजारोपण गरियो । भनिन्छ किंवदन्ती, स्वयम्भू पुरानले शाक्यमुनी पूर्व पनि यो नेपाल मण्डलभित्र स्वयम्भू दर्शनको लागि बिपस्वी बुद्ध, शिखि बुद्ध, विश्वभूबुद्ध, ककूछन्न बुद्ध कनकमूनी बुद्ध, काश्यप बुद्ध पनि आउनुभएको थियो रे । त्यसपछि शाक्यमुनि बुद्ध शासनकालमा शाक्य मूनी बुद्ध पनि आउनुभएको कुरा विश्वास गरिन्छ । यो कुरा पालि बौद्ध साहित्यमा उल्लेख छैन । यी नै कुरा जे जस्तो भए तापनि 'आराम' शब्द पछि 'विहार' शब्द अत्यन्त पुरानो शब्द भएको मान्न सकिन्छ । इतिहासको त्यो कालखण्डमा शाक्यहरू नेपालमण्डल प्रवेश भएपछि (अभिलेखकरण भएपछिको) साँखुमा सर्वप्रथम 'गुँ विहार' निर्माण गरियो । यो विहार नेपालमण्डलभित्रको सर्वप्राचीन श्रावकयानी विहार मानिन्छ । यो विहार किरातकालमा निर्माण भएको कुरा विश्वास गरिन्छ । त्यस्तै साँखुको 'गुँ विहार' जस्तै पुरानो प्राचीन विहार भक्तपुरको पूर्व ल्हासापाकू मञ्जूश्री (थाकलमाथा सुडाल) परिसरमा पनि एउटा बाधहिटी नामको ढुङ्गेधारामाथिको शिलालेखमा 'उद्योनकाख्य काख्य' विहार उल्लेख भएकोछ । त्यस्तै साँखुकै अर्को लिच्छविकालिन अभिलेखमा भिक्षुणी संघ उल्लेख भएको 'धर्म्मराजिकात्मक विहार' छ । यसरी नेपाल मण्डलभित्र शाक्यहरू प्रवेशबाट पछि श्रावकयाणी विहारहरूभन्दा महासाधिक विहार (आजको महायानी विहार) निकै नै बढ्न थालिए । त्यसपछि मल्लकालमा आएर तांत्रिक

विधिको विकासमा पनि अघि बढ्दै गए । पुजा आजा कर्मकाण्डले पनि विकास गरेपछि उपत्यकाभित्र बज्रयानी विहार पनि निर्माण हुँदै गए हुनत किरात काल र मल्लकालभन्दा लिच्छवी कालमा बुद्ध धर्मको विकास तिव्र रुपमा भएको मानिन्छ । त्यसकारण त्यो समयलाई बुद्ध धर्मको स्वर्ण युग मानिन्छ । त्यसबेला बुद्ध धर्मको लागि जति जनस्तर विहार संघ सर्व संघबाट विहार, बहि, चैत्य, निर्माण हुने दत्तः किर्ति राख्ने काम हुन्छ त्यति नै कुनै कुनै लिच्छवि राजाहरूबाट पनि बुद्ध धर्मको लागि समान भावना राखी असिम श्रद्धाका साथ वहाः बहि, विहार, चैत्य निमाण गर्ने र जिर्णोद्वार गर्ने दत्तः किर्ति राख्ने काममा राजकिय स्तर अर्थात् राज्यस्तरबाट काम हुने गर्थ्यो । त्यसबेला राज्यस्तरबाट निर्मित भएका बहाःबहि, विहार चैत्य यसप्रकार छन् ।

१) राजावृषदेव :- स्वयम्भू विहार चैत्य,

२) राजा धर्मदेव :- राजविहार

३) राजा शिवदेव :- श्रीदेव विहार

४) राजा मानदेव :- श्रीमान विहार

५) राजा अंशुवर्मा :- राजविहार (गो.रा.वं २१,२२ पत्र)

त्यसबाहेक पनि नेपाल मण्डलभित्रका विभिन्न संस्कारित विहारहरू यसप्रकार छन् : अजिका विहार, अभयरुचि विहार, चतु भलिटसन विहार, नन्दिशाला विहार, गन्धकुटी विहार पुष्प वाटीका विहार हो । त्यसबाहेक पनि उपत्यकामा धेरै नै विहार लिच्छविकालिन विहार भएको कुरा अभिलेखमा उल्लेख भएको छ । ज्ञद्द

त्यसपछि मल्ल राजाहरूको शासनकालमा जति पनि नेपालमण्डल वा उपत्यकामा बुद्ध धर्मको विकासको लागि बहाः बहि, विहारहरू चैत्यहरू निर्माण भएको थियो । त्यो कुरो राज्यस्तरले होइन । किनभने मल्ल राजाहरू बुद्ध धर्मप्रति आस्था थिएन । विश्वास थिएन । त्यसकारण यी नै शासक कालमा जति पनि बहाः बहि, विहार चैत्यहरू निर्माण भएको थियो । त्यो जनस्तरबाट निर्माण भएको थियो । विहारको संघ र सर्वसंघबाट निर्माण भएको थियो । यसरी जनस्तरबाट निर्माण भएको विहारहरू उपत्यकामा मात्र सयौं विहारहरू छन् । आज यी नै विहारहरूको हालत, अवस्था अत्यन्त नाजुक छन् । कति विहारहरू व्यक्तिहरूबाट अतिक्रमण गरेर निजी घर बनाएका छन् । कति विहार खेल मैदान चौर भएका छन् भने कति विहार सरकारी गैर-सरकारी अड्डा अफिस भएका छन् । यसको लेखाजोखा नै गर्न सकिन्न । विदम्वना यसरी छ । इतिहासको प्रत्येक कालखण्डमा कुनै नकुनै प्रकार बुद्ध धर्मको विकासको लागि परिवर्तन आउने गरिन्छ ।

कहिले प्राकृतिक प्रकोप, कहिले राज्य शक्तिको दमन वा प्रकोप, कहिले बाह्य शक्तिको अतिक्रमणको प्रकोपबाट बुद्ध धर्म संघलाई प्रहार हुन्छ र बहाःबहि विहारहरू चैत्यहरू नष्ट हुन पुग्छन् । यो अवस्थामा बौद्ध धर्मका अनुयायीहरू पनि प्रतिबन्धित अवस्थामा बाँच्नुपर्ने हुन्छ । त्यस्तो शासनकाल स्पष्ट रुपले मल्लकाल, राणाकाल साह काल र अहिलेको वर्तमान लोकतान्त्रिक शासन कालसम्म पनि आन्तरिक राजनीतिक, बाह्य राजनीतिक शक्तिहरूबाट समेत अप्रत्यक्ष रुपले दबाबहरू आउने गरिन्छ । तर पनि बुद्ध धर्म लोप भएन । बरु परिवर्तन भएर गयो । बौद्ध धर्ममा देखा परेका विकृतिहरू विस्तारै हटेर जाने क्रम भयो । हुन त बुद्ध धर्म पूर्ण मानवतावादी धर्म भएकोले कहिलेकाहिं संसारका कुनै पनि बुद्ध धर्म अमानवतावादी अन्धविश्वास एवं मिथ्या ढङ्गले चलि आएको हुन्छ भने त्यसलाई पनि समय समयमा आउने विलबले त्यसै हटाईदिन्छ । त्यो कुरा पनि इतिहासको पानामा छ ।

त्यसैकारण बुद्धको समयमा पनि अरु धर्महरू पनि धर्मको नाममा शोषण गर्ने, दमन गर्ने तत्कालिन धर्मको ठेकेदारहरू धर्मान्धकारीहरूको रवैया भएकोले बुद्धले तत्कालिन समयमा विप्लव सृजना गर्नु भई बहुजन, हित, सुख र कल्याणको लागि मानव धर्म प्रचार गर्नुभयो । जुन धर्म सार्वभौम्यवादी छ । सर्वकालिक र सर्वदेशिय छ । यी नै धर्म तत्कालिन जनताले निसन्देह रुपमा स्वीकार गर्नुभयो । साथै अरु धर्मका रक्षहरू धर्म सेनापतिहरू, सन्तमहन्त र लकिर फकिरहरू समेत बुद्ध धर्म र संघको सरणमा जानुभयो । त्यसमध्ये राजा, प्रजा, धनी गरिब उच्च निच्च सबैले समान रुपमा बुद्ध धर्म स्वीकारिएको थियो । भन्ने यी नै बुद्ध धर्मका उपासक उपासिका बनेका, अनुयायी भएका

र अनुगामी भएका मानिसहरू । यी नै व्यक्तिहरू बुद्ध एवं भिक्षु संघलाई विहार एवं जग दान गर्ने गरिन्छ । त्यसमध्ये बुद्ध कालिन समयमा विहार जग्गा दान गर्ने राजा प्रजाहरू अर्थात् उपासक उपासिकाहरू यसप्रकार छन् :

१) राजा विम्विसार – राजगृह बेलुवनाराम (विहार) राजगृह
२)जीवक वैद्य (कोमार भृत्य) राजगृह जीवक आम्रवन ( विहार) राजगृह
३)अनाथपिण्डक (सुदत्त) महाजन श्रावस्ती जेतवनाराम (५४ करोडको विहार) श्रावस्ती
४)विशाखा (महाउपासिका) श्रावस्ती पूर्वाराम (२७ करोडको विहार) श्रावस्ती
५) राजा प्रसेन्नजीत – कोसल राजकाराम (विहार) श्रावस्ती
६) शाक्यहरू – कपिलवस्तु निग्रोधाराम (विहार) कपिलवस्तु
७) कपिलवस्तु कालखेमरा कपिलवस्तु
८) आम्बपाली (नामुद वेश्या) – वैशाली – आम्पाली वन वैशाली
९) घोषक सेठ कोशाम्वी घोषिताराम (विहार)
१०) पावारिक सेठ पावा पावरिकाराम (विहार)
११) कुक्कुट सेठ कुक्कुटाराम (विहार)
१२) कालक सेठ-पावा कालकाराम (विहार) साकेट
१३) चित्र गृहपती काशी अम्वटकवन मच्छिकासण्ड, काशी

यसबाहेक पनि बुद्धको समयमा बुद्ध धर्म र संघलाई बिहार, जग्गा, बगैंचा वन दान दिने उपासक उपासिकाहरू धेरै नै छन् । तत्कालिन बुद्धको समयमा बुद्धको अमृतवाणी सुनेर जीवनमा वास्तविक सुख, शान्ति र अनुत्तरित जीवन पाएर धन्य भएका व्यक्तिहरू बुद्ध धर्म संघ प्रति स्नेही भएर प्रफूलित एवम् पवित्र मनबाट नै विहार दान जग्गा, बगैंचा, बन आदि दान गरिन्छ । त्यो एउटा बुद्ध धर्ममा विहार परंपराको एउटा इतिहासको क्रम हो । यी नै क्रमको बुद्ध परिनिर्वाणको २०० वर्षपछि भारत वर्षको मौर्य सम्राट अशोकले पनि आफ्नो कलिङ्ग युद्धको भयानक दृश्यबाट अति नै छटपटाहट भएकोले त्यस उप्रान्त देखि मानवीय सेवाको लागि लागि परे साथै बुद्ध धर्मबाट नै सहि मार्गको लागि निर्देशित भएकोले उहाँले बुद्ध धर्मको ८४ हजार धर्मसन्धा निर्वाण गरिए । ठाउँ ठाउँमा असंख्य विहार चैत बनाए । छोरा महेन्द्र र छोरी संघ अशोक र आफ्नो छोरी चारुमती र ज्वाई देवपाल तीर्थयात्राको क्रममा नेपालमण्डल आउनुभै उपत्यकाभित्रका ललितपुरको पुलचोक, लगनखेल, इमाडोल र ईबहि गरी चार बौद्ध घर निर्माण गर्नुभएको थियो । त्यसपछि सम्राट अशोकले काठमाडौंको चाबहिलमा छोरी चारुमती र ज्वाई देवपालको तर्फबाट पाशुवत क्षेत्रमा भिक्षुणी विहार, चारुमती विहार निर्माण गरी एउटा सहर पनि बसाल्नुभयो । त्यहिं सहरमा छोरी चारुमती र ज्वाई देवपाल बस्नुभयो । पछि उहाँहरू त्यही ठाउँमा निधन भयो । पछि त्यो सहर देवपटन सहरको रुपमा हुन गयो । यसरी नै सम्राट अशोकको आगमणबाट धेरै विहार र चैत्यहरू निर्माण हुन गएकोले अहिलेसम्म पनि त्यस समयमा बनेका चैत्यलाई अशोक चैत्य गरिन्छ । वास्तवमा बुद्ध धर्ममा वा बुद्धको शासनकालदेखि विहार परंपरा बुद्ध धर्मका चार परिषद् भिक्षु, भिक्षुणी, उपासक उपासिकाहरुबाट नै बुद्ध धर्ममा विहार परंपराको इतिहास जिवन्त रहेको छ । लिच्छवि शासन कालमा बनेका चैत्य विहारलाई पनि अशोकको नाम राखेर नै भन्ने गरिन्छ ।

आज जति पनि बाँकी रहेका जुनसुकै समयको विहार भए तापनि यसलाई संरक्षण गर्नु सबैको दायित्व हो । जति संरक्षण दायित्व गर्नुपर्ने अनुभुति वा जागरण चेतना २००७ सालको आन्दोलन पूर्व र भारतमा अंग्रेज शासनको अन्तिम समयदेखि थेरवाद बुद्ध धर्मको पुनर जागरणबाट फेरि नेपालमण्डलभित्रको बौद्ध धर्मलाई पुनर जीवित गरियो । जसले गर्दा भग्न भएका विहारहरू जिर्णोद्धार भयो र खुचेका दत्तकिर्ति सिमित रुपमा भए पनि संरक्षण हुन पुग्यो । आज यस्तो विहारमा फेरी कहिंकतै प्रदशित रुपमा गइरहेको छ । विहार भोज भेतरको लागि थलो भएको । पसल डेरा जमाएको । मादकपदार्थ उत्पादन गर्ने ठाउँ भएको छ । दैनिक रुपमा गरिने पूजा पाठ ज्ञान ध्यान बस्ने विद्या सिक्ने काम कहिं कतैमात्रै देखिन्छ । बुद्ध धर्ममा विहार परम्पराको ऐतिहासिकता बिगार्ने काम कसैबाट नहोस् ।

❖❖❖



'बुद्ध धर्म र जैन धर्म निश्यच पनि हिन्दु धर्म होइन न त वैदिक धर्म नै हो । तैपनि यसको उत्पति भारतमा भयो र यसका सम्पूर्ण विशेषता हिन्दुस्तानी जीवन, संस्कृति र दर्शनको अङ्ग थिए । हिन्दुस्तानमा बौद्ध र जैन सय प्रतिशत नै हिन्दुस्तानी विचारधारा र संस्कृतिका परिणाम थिएँ, तैपनि यिनीहरू कुनै पनि मतको आधारमा हिन्दू होइनन् ।'

-पण्डित जवाहरलाल नेहरू (सन् १८८९-१९६४)

' Buddishm is a combination of both speculative and scientific philosophy.' (History of western philosophy)

अर्थात्

'बुद्ध धर्म वैचारिक र वैज्ञानिक दर्शन दुवैको मिश्रण (संयोग) हो ।' - **बार ट्राण्ड रुसेल,** (सन् १८७२-१९७०)


२५५८ औं

**बुद्ध जयन्तीको**

शुभ उपलक्ष्यमा समस्त महानुभावहरुमा सुख, शान्ति तथा समृद्धिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**श्री महामञ्जुश्री गुरु गुठी संस्था**

महामण्डप ल्हासापाकव थाकलमाथ

सुडाल-३, भक्तपुर

**मुनि विहार**

भक्तपुर, ०१-६६१६४६४

email: munivihar@hotmail.com, vipassi@gmail.com

२५५८ औं

**बुद्ध जयन्ती**

(स्वाँया पुन्ही) को

सुखद् उपलक्ष्यमा समस्त महानुभाव एवं शुभेच्छुकजनमा सुख, शान्ति तथा समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**भक्तपुर बौद्ध सम्पदा संघ**

**भक्तपुर सुनचाँदी व्यवसायी संघ**

**श्री महामञ्जुश्री ज्यासः पसः**

इनाचो, भक्तपुर-६



# बौद्ध धर्मप्रति आस्थावान मदनसिंह रामबर्धन दम्पति

✍ ओम धौभडेल

नेपालको इतिहासमा काठमाण्डौको ईटुबहालको महत्वपूर्ण भूमिका रहेको छ । बौद्ध धर्मसँ ग सम्वन्धित रहेर पनि यो बहालको राजनीतिसँ ग के सम्बन्ध रहेछ ? विचारणीय हुन आउँ छ । पारार्वत महाविहारले पनि चिनिने यो बहालमा जुम्लाका शासक अभय मल्लले लेख्न लगाएको प्रज्ञापारमिता रहेको प्रसंग यस अघि वर्णन गरिसकेका छ ।. यस पटक नेपालको राजनीतिमा एक ताका प्रभावशाली ठहरिएका रामबर्धन परिवारका एक दम्पती मदनसिह रामबर्धनले यही इटुं बहालमा राख्न लगाएको एउटा महत्वपूर्ण शिलापत्र बारे लेखा जोखा गर्ने प्रयास गरिन्छ । त्यसो त नेपालको इतिहासमा रामर्बधन परिवारको भूमिका सम्बन्धमा एउटा अनुसन्धानात्मक लेख लेखकको यस अघि भक्तपुर मासिक संख्या १८८, २०६० असारमा प्रकाशित छ ।. रामबर्धन परिवार बारे विस्तृत रुपमा त्यस लेखमा आई सकेको सन्दर्भमा यहाँ उनै इटुं बहालको एउटा शिलापत्रको गहन अध्ययनबाट थप तथ्यहरु उजागर हुन आशा गर्न सकिन्छ ।

४० हरफको उक्त शिलापत्र अभिलेख सर्वप्रथम संस्कृत सन्देश १/११ मा रामजी तिवारी, देवीप्रसाद भण्डारी र शंकर राजवंशीद्धारा छापिएकोमा पछि लुशियानी पेटेकले पनि छपाएको छ ।

यहाँ मदनसिहरामबर्धन हिन्दु कुलमा जन्मेर पनि इटुं बहाल जस्तो बौद्ध तीर्थमा बौद्धधर्मसँग सम्बन्धित शिलापत्र राख्नुको कारण खोतल्न आवश्यक हुन आउँछ । शिलापत्रको उठानमै "ॐ नमो बुद्धाय् । नमो धर्म्माय । नम: संघाय । नम: तारायै । अर्थात बुद्धलाई नमस्कार, धर्मलाई नमस्कार, संघलाई नमस्कार, तारालाई नमस्कार, भनिएबाट मदनसिंहराम बौद्ध धर्मप्रति आस्थावान रहेको पुष्टि हुन्छ । आफ्ना पुर्वजहरु बैश्य कुलमा जन्मेका सोमवंशी भएको र पशुपति तथा मानेश्वरीका भक्त भएको तथ्यबाट उनीहरु सनातनी हिन्दु कुलको भएकोमा दुईमत हुन सक्दैन । त्यहाँ स्वयं मदनसिंह रामबर्धनलाई त्रिपुरासुन्दरीबाट बर पाएका परममाहेश्वर भनिएबाट उनी स्वयं हिन्दु धर्मप्रति कट्टर आस्थावान रहेको पुष्टि हुन्छ । अझ उनले पलाञ्चोक डाँडाको किल्लाभित्र श्री त्रिपुरेश्वरी देवी तथा मदनेश्वर महादेव लगायत पोखरी, मण्डप बनाएको र डाँडामुनी जलशयन नारायण स्थापना गरेको उल्लेख भएबाट यसको थप पुष्टि हुन्छ । त्यहि नेर स्वयम्भु डाँडाको महाविहारमा श्री स्वयम्भु चैत्य र एकजटि देवताको जिर्णोद्धार गरेको कुरा परेको छ । त्यति मात्र हैन, उनले श्री दिपंकर बुद्ध बनाउन लगाएको र पारावर्त बौद्ध विहार (इटुं बहाल) मा सो दिपंकर बुद्ध स्थापना गर्न लगाएको व्यहोरा महत्वपूर्ण छ । यसबाट मदनसिहरावर्द्धन बौद्ध धर्मप्रति अत्यन्त आस्थावान रहेको स्वत: प्रमाणित हुन्छ । यहाँनिर मदनसिंह राम बर्धनकी पत्नी जैत्रलक्ष्मी देवी रहेको र उनी बौद्ध कुलमा जन्मेकी पनि अर्को महत्वपूर्ण प्रसंग हुन आउँछ । यसबाट हिन्दु धर्मप्रति आस्थावान आफ्ना पति मदनसिंह राम बर्द्धनलाई बौद्ध धर्मप्रति आसक्त बनाउन जैत्रलक्ष्मीको ठूलो भूमिका रह्यो । जैत्र लक्ष्मीले बुंगमतिको रातो मच्छिन्द्रनाथमा सुनको तोरण चढाउनेदेखि पारावर्त महाविहार (इटुं बहाल) मा सुनको श्री आर्यताराको मुर्ति स्थापना गरेको उल्लेख छ ।


ने.सं. ५०२ माघमा स्थापित यो शिलापत्र राख्नु ६ महिना अगाडि मात्र भ्वन्त राजकुलका वास्तविक शासक जयार्जुन देवको मृत्यु हुनु र त्यसपछि तत्कालीन शासक भनिएका जयस्थिति मल्लको नामोनिशान उल्लेख नगरी शिलापत्र राख्न सक्नु पछाडि ठूलै रहस्य लुकेको अनुमान गर्न सकिन्छ ।

त्यतिमात्र नभई इटुंबहालको यो शिलापत्र राखी सकेपछिको केही घटनाक्रमबारे अध्ययन गर्ने हो भन्ने तत्कालीन परिस्थितिमा रामबर्धन परिवार दिन परदिन शक्तिशाली हुँदै गएको देखिन्छ । ने.सं. ५०२ मा इटुं बहालमा शिलापत्र राखिसकेपछि ने.स. ५०४ मा तिब्बतबाट नेपाल भ्रमण आएका बौद्ध भिक्षुको स्वागत उनै मदनसिंहरामले गरेको देखिन्छ । यता भिक्षु फर्कने क्रममा मदनसिंह रामले उनै भिक्षु मार्फत सुनको बुद्धको मूर्ति, बौद्ध ग्रन्थ लगायत विशेष उपहार चिनियाँ सम्राटलाई दिई पठाएको थियो । जुन तीन बर्षपछि अर्थात ने.स. ५०७ मा चिनियाँ सम्राट समिप पुग्यो । ने.स. ५०७ मा चिनियाँ सम्राट युङग लो का प्रतिनिधि नेपाल आई मदन सिहराम बर्धनलाई नै यहाँ को वास्तविक शासक मानी वाङग उपाधि दिए । त्यहि बर्ष नेपालको तर्फबाट प्रतिनिधि मण्डल चीन भ्रमणमा आएको मिङग वंशावलीमा उल्लेख छ । यता ने.स. ५१० को एउटा घटनाले त नेपाल र तिब्बत चीन बीच सम्बन्ध बढाउन मदन सिंह राम बर्धनको ठुलो भूमिका रहेको पुष्टि हुन आउँ छ । केशर पुस्तकालय भित्र रहेको सुमति सिद्धान्त टिका नामक ग्रन्थमा यी हरफ लेखिएको छ ।

ॐ सम्वत ५१० आश्विनी कृष्ण ॥ मोवासी ग्रास ॥ ध्व ग्रास श्रीसं सक्या महचिन बिल्य हङा ॥ पलाखचो जेतन श्री महाविहार प्रतिष्ठा याङा ध्व ग्रासस ॥

अर्थात ने.सं. ५१० आश्विन कृष्ण औसीको दिन ग्रहण लाग्यो । यो ग्रहणमा श्री भोटको सक्यामठा महाचीनसँग सम्बन्ध जोडियो । यस ग्रहणमा पलाचोकमा जेतले श्री महाविहारको प्रतिष्ठा गरे । जहाँ उल्लेख भएको जेत उनै मदनसिंह रामबर्धनकी पत्नी जैत्रलक्ष्मी हुन सक्छ । यस अर्थमा नेपाल र चीन तथा तिब्बत बीच बौद्ध धर्म प्रचार प्रसारमा मदनसिंह रामबर्धन दम्पतीको ठूलो भूमिका रहेको देखिन्छ ।

❖❖❖

यहाँ विभिन्न डिजाइनका सुनचाँदीका गहना पाइनुका साथै अर्डरबमोजिम पनि तयार गरिन्छ ।

२५५८ औं

**बुद्ध जयन्तीको**

उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. धिरेन्द्रराज शाक्य
९८४१२९९९१४

प्रो. माणिकराज शाक्य
९८४१६९२५१४

**शाक्य सुन चाँदी गहना पसल**

कमलविनायक, भक्तपुर-४, फोन ६६१४२४४(पसल), ६६१३९९० (निवास)

# श्रीलंका भ्रमण

✍ न्हुन्छेकुमार लासिवा

२०६८ साल चैत्र ८ गते बिहान ६ बजेतिर श्रीलंका भ्रमणको लागि हामी अन्तर्राष्ट्रिय बिमान स्थलमा पुग्यौं । हाम्रो अन्तर्राष्ट्रिय विमान स्थलबाट करिब १२ बजेतिर हामीलाई लिएर उडेको विमान दिल्ली विमानस्थलमा १:३० बजे पुग्यो । दिल्लीबाट दिउँसो २ बजे श्रीलंकाको लागि विमान उड्ने छ भनेको थियो तर समय परिवर्तन भएकोले बेलुका ५ बजेमात्र विमान उड्यो र कोलम्बो विमानस्थलमा ८:३० बजेतिर अवतरण भयो । विमानस्थलमा एउटा गाडी आइपुग्यो र हामीलाई 'सामबर्धना रामर्य बुद्ध विहार'मा लग्यो । त्यस बुद्ध विहारमा बस्ने भिक्षुहरुसँग हाम्रो परिचय भयो । खाना खाइवरी राती ११ बजे आ-आफ्नो स्थानमा सुत्न गयौं । असाध्य करुणावान रहेछन् त्यहाँका सबै भिक्षुहरु ।

भोलि बिहान ५ बजे ओछ्यानबाट उठ्यौं । बिहानको नित्यकर्मपछि भिक्षुहरुले शील प्रार्थना गर्नुभयो, हामी पनि सहभागी भयौं । बिहानको खानापछि हामीहरु भ्रमणमा निस्कियौं । सबभन्दा पहिले गाल, गेतल, गोमात्रा र मात्रा हेर्‍यौं कुन्न गामा र अनि पेर हेरं तारा त्यतातिर ठूलो चैत्य एउटा दर्शन गर्‍यौं । बरेंहेनकमा ठूला बुद्ध मूर्ति दर्शन गर्‍यौं, देवंदर महाविहार दर्शन गर्‍यौं ।

चैत्र १० गते वेरहनामा बेरुज करमल पुग्यौं । त्यहाँ पुरानो घडीलाई ठूलो बनाई एउटा काठको अर्को फलामको गरी दुईटा घडी थिए । त्यहि ठाउँमा पाप र पुण्यका गम्भीर मूर्तिहरु पनि हेर्न लायकको थियो ।

पाप गरेका मानिसहरुले त्यस मूर्ति हेर्दा जिउ नै सिरिङ्ग हुने रहेछ । त्यहि ठाउँमा करिब ३० फिट अग्लो बुद्धको नयाँ मूर्ति बनाइरहेको थियो ।

अर्को ठाउँ समुन्द्रको किनारको एउटा कुना जस्तो छ त्यहाँ समुद्रको छाल टाढा टाढाबाट हुट्टिएर ३५ मिटरभन्दा अग्लो गरि उफ्रँदै थियो । समुद्रको छालको आवाज 'ॐ मणि पद्मे हुँ' भने जस्तो लाग्छ ।

त्यो समुद्री छाल हेर्न श्रीलंकाली २००/- रुपैयाँ तिर्नुपर्दो रहेछ ।

त्यहिं समुद्री किनारमा श्रीलंका र चीन मिलेर नयाँ बन्दरगाह निर्माण गरिरहेको थियो । त्यस बन्दरगाह बनाउनको लागि २० तल्लाको एउटा ठूलो कार्यालय भवन निर्माण गरेको रहेछ ।

तिस्स महाराजले बनाउन दिएको करिब १४० फिट अग्लो किर विहारको चैत्य हेर्न लायक छ । किर विहारको अर्थ सेतो विहार हो । सिंहाली भाषामा कीरीको अर्थ दूध र हेछ ।

२०६८ चैत्र ११ गते खत्रगामा गेष्ट हाउसमा बसेका थियौं । त्यस गेष्ट हाउसको क्षेत्र ठूलो छ । स्थल र कत्रगामा भई रामीगामामा ३६ फूट अग्लो उभिरहेको दर्शन ढुङ्गका अचम्मको बुद्ध मूर्ति छ ।

उक्त बुद्धको मूर्तिलाई हेरिरहंदा झिलिक्क झिलिक्क तेज निस्कन्छ ।

अलेमाली गावलको जङ्गलभित्र ३-४ मुद्राको बुद्धको मूर्ति जिर्णोद्धार गरिरहेको पनि हेर्ने अवसर मिल्यो । त्यो बुद्ध मूर्ति १५ सय वर्ष पुरानो रहेको कुरा पनि बताए ।

पालरमा रावण झरना हेरें । खोलाको तीरमा सीता बसेको ढुंगा भनेर देखायो । त्यो ठाउँ पहाड तीर छ । त्यो भन्दा अलिकति माथि राम मन्दिर छ । त्यस मन्दिरमा हिन्दू धर्मालम्वी कम मात्र आउने रहेछ ।

त्यसपछि हामी नवर एलीया गेष्ट हाउस पुग्यौं । त्यो क्षेत्र चिसो हावाले गर्दा जाडो छ । सायद त्यो ठाउँ पहाड भएकोले होला । त्यहाँ चौर र ताल पनि रहेछन् ।

हामी जहाँ गयौं त्यहाँका मानिसहरुको बोली वचन असाध्य मीठो र नरम भएको पायौं । त्यहि ठाउँमा हामी मोटरवोट र घेडा चढी रमाइलो गऱ्यौं । त्यसपछि हामी चीया वारी र चिया कारखाना हेर्न गयौं । त्यसपछि हामी क्याँडी नजिकको विहारमा पुग्यौं ।

एकक्षण आराम गरिसकेपछि क्याण्डी बजार हेर्न गयौं । बेलुकातिर फर्केर आयौं । विहारमै बास बस्यौं । भोलि फेरि क्याण्डी सहरमा बुद्ध भगवानको अष्टीधातु चैत्य दर्शन गऱ्यौ । त्यो चैत्यभित्र प्रवेश गर्न प्रवेश शुल्क श्रीलंका रु. ५००/- तिर्नुपर्दो रहेछ । सार्क राष्ट्रको लागि ने.रु. ३३३.३३ लाग्छ । श्रीलंकाको रु. ५००/- तेस्रो मुलुकको लागि १५ डलर लिन्थ्यो भने कुनै कुनै ठाउँमा १५.५० डलर तिर्नुपर्ने रहेछ । त्यहाँको बन्दोबस्त हेर्दा म आफूलाई कुवाको भ्यागुतो नै सम्झे । हाम्रो भक्तपुरमा सार्क राष्ट्रलाई ने. रु. १००/- मात्र तेस्रो मुलुकलाई १५ डलरमात्र लिने गऱ्या छौं । पोलोनारखा भन्ने एक ठाउँमा जान तेस्रो मुलुकलाई १५.५० डलर सार्क राष्ट्रलाई ने. रु. ३३३.३३ तिर्नुपर्दछ ।

त्यस्तै सिगीरिया जान तेस्रो मुलुक्लाई १५ डलर सार्क राष्ट्रलाई ने.रु.४००/- र अनुराधापुराको वोधिवृक्ष (पीपलको रुख) भएको मन्दिरमा जान तेस्रो मुलुक्लाई १२.५० डलर सार्क मुलुकलाई ने.रु ३३३.३३ श्रीलंकाको रु.५००/- ठाउँ ठाउँमा तिर्दै जानुपर्दछ । यस हिसाबमा हाम्रो भक्तपुर नगरपालिकाले पर्यटकहरुसँग लिइराखेको प्रवेश शुल्क अत्यन्त कम भएको अनुभव गरें । भक्तपुरका सम्पूर्ण ऐतिहासिक स्थलहरु हेर्न १५ डलर सार्क राष्ट्रहरुलाई ने.रु. १००/- मात्र हो भने श्रीलंकाको एउटा मन्दिर वा चैत्य ३३३.३३ ने.रु तिर्नुपर्दछ ।

भक्तपुरमा पर्यटकहरुसँग पर्यटक शुल्क लिइयो भनी नगरपालिकाको विरोध गर्ने व्यक्तिहरुले मित्र राष्ट्रहरुमा पनि पर्यटक शुल्क लिंदोरहेछ भन्ने कुरा बुझ्पचाएको देखिन्छ । बरु उठाइएको पर्यटक शुल्क सदुपयोग भएको छ वा छैन भन्ने विषयमा चासो राख्नुपर्ने हो ।

क्याण्डी सहरको नजिक एउटा ठूलो विश्वविद्यालय छ । त्यस विश्वविद्यालयमा ३५ हजार विद्यार्थीहरुले अध्ययन गर्दा रहेछन् । त्यहाँ सबै विषयहरुको पढाई हुँदो रहेछ । यी सबै कुरा त्यस विश्वविद्यालयमा पढाउने नेपाली शिक्षक अथवा नेपाली भिक्षुले बताउनुभएको थियो ।

क्याण्डी सहरमा एउटा ठूलो दरबार पनि छ । त्यो दरबारको अवलोकनपछि क्याण्डी बजार नजिकै भगवान बुद्धको दन्त अष्ठी धातु चैत्य दर्शन गरी सुपरमार्केट हेर्न गयौं । त्यसको भोलिपल्टको बिहानीमा क्याण्डी सहर छोडी कोलानोरी, अलुविहार, तिग्रील, दंबुला, सीरीगिरया हेर्न गयौं ।

अलु विहार भन्ने ठाउँमा ठूलो बुद्धको मूर्ति छ । कहिं पनि फोहर देखिँदैन । मनै आनन्द छ । शान्त छ । त्यहाँको सरसफाइ असाध्य राम्रो छ । त्यस विहारमा भिक्षुहरुले जस्तै सर्वसाधारण व्यक्तिहरुले पनि नियमहरु पालन गर्छन् । सडकमा हिँडडुल गर्ने बटुवाहरु र मोटरसाइकल चालकहरु सडकमा अनुशासित देखिन्छन् । जेब्रा क्रसिङ नभएको ठाउँमा कसैले पनि बाटो नकाट्ने रहेछ । हामीकहाँ त्यस्तो अनुशासन पालन गर्न गराउन सकेको छैन । जेब्रा क्रसिङमा एक दुई मान्छेमात्र उभिरहेको देखपछि सवारी चालकहरुले आफ्नो सवारी रोक्छन् । कोही मानिस बाटो नकाटिकन उभिरह्यो भने चालकले बाटो काट्न अनुरोध गर्छ । त्यसकारण त्यस ठाउँमा दुर्घटना हुने अत्यन्त कम सम्भावना रहेछ ।

सिरीगिरयाको ढुंगामाथि बनाइरहेको राजदरबार अहिले भग्नावेशमा परिणत भएको छ । पहाड जस्तो ठूलो ढुंगा माथि बनाइराखेको त्यस दरबारमा एउटा ठूलो र अर्को सानो पोखरी पनि रहेछ । त्यहाँको त्यो ठूलो पोखरी नुहाउनलाई र सानो पोखरी खानको लागि प्रयोग भएको देखिन्छ । त्यो ढुंगा माथि चढ्न साह्रै नै गाह्रो भए तापनि चढ्न थाले । प्राणै जाला जस्तो गाह्रो अनुभव भयो । अचम्मै लाग्छ ।

दम्बुला भन्ने स्थानमा विभिन्न मुद्राका बुद्धका मूर्तिहरु धेरै छन् । एउटा ठूलो पहाडमा घोप्टो परिरहेको ढुंगाको

कापमा हजारौं बुद्धका मूर्तिहरु छन् । असाध्य राम्रो छ । त्यस ठाउँमा अवलोकन गर्न पनि शुल्क लाग्दो रहेछ । विगतमा दबुला क्षेत्रमा राज्य गर्ने काश्यप राजा रहेछ । त्यही राजाको पालामा त्रिपिटक लिपीबद्ध गरेको प्रमाण त्यहाँ अचापि छ ।

पोलेमारुवा (पोरीन) क्षेत्रका गेष्टहाउस बुद्धबारको दिन छोड्यौं ।

एक समय पोलोनारुवा क्षेत्रका पराक्रमी राजाले खेतमा बाली लगाउने बेला सिंचाई गर्न एउटा ठूलो पोखरी बनाएको रहेछ । वर्षा नभएको बेला त्यहि पोखरीको पानी खेतमा पठाउने रहेछ । हामी पोलोनारुवा घुम्न जाँदा धान काट्ने बेला रहेछ । त्यहाँको बाली राम्रो छ ।

पराक्रमी राजापछि अर्को मस्तान राजाले पनि त्यो पोखरीलाई जिर्णोद्धार गर्ने र सरसफाई गर्ने काममा निरन्तरता दिइएको थियो भन्ने कुरा भिक्षु पूर्णज्यूले बताउनुभयो ।

अनुराधापुराको निरंकमाल राज दरबारको भग्नावशेष हेरें । अनुराधापुरास्थित विहारको नाम सारानन्द विहार हो । त्यहाँको ठूलठूला चैत्यहरुको नाम अभयगिरी, थुप्पाराम, लंकाराम, जतवनाराम, गिसिसवातया् रुवनर सायो, जयश्री, महावोधि, समाधिपिमिम र गंगाराम हुन् त्यहाँ जम्मा १० वटा चैत्य रहेछ ।

राजा अशोकको छोरी संघ मित्राले श्रीलंकामा बुद्ध धर्म प्रचार गरेका थिए । संघ मित्राले २३ सय वर्ष अगाडि बौद्ध गयावाट बोधिवृक्षको एउटा रुख श्रीलंका लगेर वृक्षारोपन गरेकि थिइन् । उक्त बोधिवृक्षको रुख हालसम्म पनि यथावत रहेछ । त्यो रुखलाई त्यहाँको जनताले औषधोपचार गरि टेवा दिएर बचाएको छ ।

अनुराधापुरालाई छोडी सामवर्धना समर्य विहारमा गई बस्यौं ।

त्यस विहारलाई राती १:४५ बजे छोडी कोलम्बो विमान स्थल पुग्यौं । कोलम्बो विमान स्थलवाट ६:४० बजे दिल्लीको लागि उडेको विमान बिहान १०:१० तिर दिल्ली विमान स्थल पुग्यो । दिल्लीबाट ११:४० मा उडेको विमान काठमाडौंमा दिउँसो १:१० मा अवतरण भयो । हाम्रो श्रीलंका भ्रमण फलदायी भयो । हामीलाई कुनै पनि बेफाइदा भएन । विभिन्न ठाउँहरुको अनुभव बटुल्न पायौं । टाढा टाढासम्म खाली खुट्टा हिँड्नेलाई बाटोमा समुद्रका रातो रातो बालुवा बिछ्याइएको थियो । त्यस बालुवामा टेकेर हिँड्दा पाइतलादेखि टाउकोसम्मै शीतल हुँदो रहेछ । शरीर हलुँगो हुँदै जाँदो रहेछ । खुट्टामा पनि बालुवा नटाँस्ने अचम्म लाग्छ ।

नेपाली समयअनुसार प्रत्येक आइतबारको दिन केटाकेटीदेखि बुढाबुढीसम्मका मानिसहरुले बिहान ७ बजेदेखि दिउँसो २ बजेसम्म विहारमा गई श्रम गर्नुपर्ने रहेछ । विहारमा पुग्नासाथ विहार परिसरको सरसफाई गर्ने, बगैचा, मन्दिर चैत्य र चौर सफा गर्नुपर्ने रहेछ । त्यसकारण त्यहाँ असाध्य सफा देखिन्छ । त्यहाँको सफाइ हेर्दा हाम्रो भक्तपुरलाई सफा भन्न मिल्दैन । भक्तपुरका मानिसहरुको जिम्मेवारी लिएर काम गर्ने बानी छ । तर श्रीलंकामा जिम्मेवारी लिएर काम गरेको अनुभव भएन ।

विहारमा आउने विद्यार्थीहरुलाई भिक्षुहरुले शील प्रार्थना धर्म देशना गराउने, व्यायाम गराउने र अनुशासन सिकाउने काम गर्छन् । त्यहाँ सबै अनुशासित छन् । उहाँहरुको पोशाक सेतो छ । विद्यालय जाँदा र विहारमा आउँदा केटीहरुले सेतो ब्लोज र जामा लगाउनैपर्छ । केटाहरुले सेतो कमिज तर पाइन्ट विभिन्न रङ्गको भए पनि हुने रहेछ । उत्ताउलो र भड्किलो छैन । यो हेर्दा उच्च विचार सादा जीवन रहेछ ।

श्रीलंकामा जहाँ हेरे पनि हरियाली देखिन्छ । ठाउँ ठाउँमा ताल र पोखरीहरु छन् । ताल र पोखरीहरुमा सेतो, रातो र प्याजी रङ्गका कमलका फूलहरु फुलिरहेका प्रशस्त देखिन्छन् । जहाँतहीं रङ्गीचङ्गी फुलिरहेका देखिन्छन् । श्रीलंकाको बसाइमा एक दिन पनि लोडसेडिङ्ग भएन । श्रीलंकाको घरहरुको छाना टायलको रहेछ । घरको छानामा परेको वर्षाको पानी संकलन गरि सडकमा नखसाल्ने रहेछ । हामीकहाँ त्यस्तो चलन बसाल्न सकेको छैन । घरको छानामा परेको वर्षाको पानी सडकमै खसाल्ने हाम्रो चलन छ । हामीले पनि वर्षाको पानी संकलन गर्न सके पानीको अभाव नहोला कि भन्ने लाग्छ । श्रीलंकाको भ्रमण अरामदायी छ । रमाइलो छ ज्ञानबर्द्धक छ । भवतु सब्ब मगलं ।

❖❖❖



# बुद्धहरूको जन्मभूमि–नेपाल

✍ तुल्सीकाजी मानन्धर

नेपाल बुद्धहरूको जन्मभूमि हो । कपिलवस्तुको गोटिहवामा ऋकुच्छन्द बुद्ध, निग्लिहवामा–कनकमुनि बुद्ध र लुम्बिनीमा गौतम बुद्धको जन्म भएको थियो । तीन जना बुद्धहरूको जन्म भएको नेपाल अति पवित्र भूमि हो । इशापूर्व तेस्रो शदिंमा जन्मनु भएका मौर्य सम्राट अशोकले आफ्नो राज्याभिषेकको चौथो वर्षमा निग्लिहवास्थित अभिलेखसहितको अशोक स्तम्भ गोटिहवाको स्तम्भ र लुम्बिनीको अभिलेखसहितको अशोक स्तम्भजस्ता प्रमाणहरूले नेपाल् बुद्धहरूको जन्म भूमि रहेको तथ्य स्पष्ट हुन्छ ।

चिनियाँ यात्रीहरूमा पाचौं शताब्दीका फाहियान र सातौं शताब्दीका ह्युन साङको यात्रा विवरण र पाली त्रिपिटक ग्रन्थको आधारमा विशेषत अलेक जेण्डर कनिंघम, डा. ए.ए. फूहरर र पि.सी मूखर्जी आदि पुरातत्त्वविदूहरूले बुद्ध जन्म स्थलहरूको साथै अन्य बुद्धकालिन विभिन्न स्थलहरू पत्ता लगाएका थिए । निग्लिहवास्थित अशोक स्तम्भको अभिलेखमा सम्राट अशोक स्वयं आई कनक मुनि बुद्धको स्पूपलाई दोब्बर ठूलो बनाइएको कुरा समेत उल्लेख छ । त्यस्तै लुम्बिनीको अशोक स्तम्भमा राज्याभिषेकको २० वर्षमा आफैआई स्तम्भ खडा गरी लुम्बिनीलाई कर मुक्त गरिएको समेत उल्लेख गरियो ।

गौतम बुद्धले २९ वर्षसम्म बिताएको ई.पू छैठौं शताब्दी अगाडिको कपिलवस्तुको तिलौराकोट दरबार बुद्धको मावली कोलिय राज्य देवदह एवं बुद्धको अस्थिधातु आठ भागको ( वितरण गरिएको) एक भाग रहेको रामग्राम स्तूप पनि नेपालमै पर्छ । यसरी ऐतिहासिक प्रमाणबाट नै नेपाल बुद्धहरूको जन्मभूमि रहँदै आएको स्पष्ट छन् ।

गौतम बुद्धको जन्मस्थान लुम्बिनीलाई युनेस्कोले १ दिसेम्बर सन् १९९७ मा विश्व सम्पदा सूचिमा सामेल समेत गरेको थियो । यसको साथै संयुक्त राष्ट्र सङ्घले विश्वभर शान्ति र सद्भाव फैलाउने महामानव बुद्धको जन्म, बोधिज्ञान लाभ र महापरिनिर्वाणजस्ता त्रिसंयोग परेको दिन वैशाख पूर्णिमाको दिनलाई विशेष मानेता दिई सार्वजनिक बिदा घोषणासमेत गरिएको थियो । यसरी कुनै धर्म गुरु वा धर्म प्रवर्तकको जन्म दिनलाई सम्मान गरेको छैन । जुन १ डिसेम्बर १८९६ मा डा.ए.ए.फूरहर र खड् सम्सेरले लुम्बिनीको अशोक स्तम्भ पत्ता लगाएको थियो । यसको ठीक सय वर्ष पछि १९९६ मा अशोक स्तम्भ नजिकै लुम्बिनीमा मार्कर स्तोन चिनो ढुङ्गा) सात तहको ईटको वेदीमाथि राखिएको बुद्ध जन्म स्थल पत्ता लगाएको थियो ।

बुद्धले दिनुभएको ज्ञान (उपदेश) लाई सम्राट अशोकले विभिन्न देशहरूमा धर्मदूतहरू पठाई प्रचारप्रसार गरे पश्चात् विश्वमा बुद्ध धर्म द्रुत गतिमा फैलिदै गएको थियो । हाल आएर एसिया, युरोप एवं अमेरिकामा पनि कयौं बुद्ध धर्मका विद्वानहरू प्रादुर्भाव भइसकेका छन् । जसबाट अहिलेसम्म बुद्ध धर्म अफ्रिका महादेशमा समेत पुगिसकेका छन् ।

नेपालका सपूत गौतम बुद्धले प्रतिपादन गर्नुभएको धर्म संसारभरमा व्यापक रुपमा चर्चा परिचर्चाको विषय बनेको छ । उहाँको उपदेशलाई हृदयगम गरी कयौं देश विकसित भएका छन् । तर अत्यन्त दुःखको कुरा 'बत्ति मुनि अध्यारो' भन्ने जस्तै उहाँकै जन्मभूमि नेपालमा बुद्ध प्रति उचित सम्मान भएको देखिदैन । बरु झन् अपमान र लापरबाही गरिराखेको छ । बुद्धलाई केवल राष्ट्रिय विभूतिको रुपमा नाममात्रको सम्मानमा सीमित राख्यो । राज्यले बुद्ध शिक्षाबारे उचित खोजबिन नै गरेन । सिर्फ सीमित मात्रामा प्रचारप्रसार (

अध्ययन अध्यापन) भैराखेका छन् । त्यो पनि प्रायः जनस्तरबाट मात्र भैराखेका छन् । सरकारको सही दृष्टि नपुगेसम्म बुद्ध शिक्षा व्यापक रुपमा प्रचार-प्रसार एवं त्यसबाट फाइदा लिन सक्ने स्थिति छैन । ब्राजिल पछि दोस्रो जल स्रोतको धनी देश भनिएको नेपालमा अत्याधिक लोडसेडिङ र खानेपानीको अभाव हुँदै आएका देशका जनताहरू दिनानुदिन दुखित छन् । नेपाललाई संधै शान्त, सुन्दर देश बनाई राख्ने यदि हो भने सही मार्ग छ भने त्यो सिर्फ बुद्धका शिक्षालाई प्रयोगबाट मात्र सम्भव छ । बुद्धको मार्ग दर्शनले नैतिकता र सभ्यता बृढि गरी देशलाई समुन्नत गर्न सकिन्छ ।

एकातिर फेरी गौतम बुद्ध भारतमा जन्मेको भनेर विभिन्न भारतीय सञ्चार माध्यम र नेपालको प्रगतिविरोधी भारतीय व्यक्ति भनाउँदाहरू वा व्यक्तिहरूको अभिव्यक्तिहरू विदेशका विभिन्न पाठ्य पुस्तकहरू र टी.भी सिरियलहरूमा बुद्ध धर्मसम्बन्धी देखाएको भ्रामक दृष्यहरूले हामी सम्पूर्ण नेपालीहरूले चित्त दुखाउन सक्नुपर्छ । अध्यापि त्यसको विभिन्न माध्यमहरूबाट विरोध र सडक सङ्घर्ष गरिराखेका पनि छन् । तर हामी प्रत्येक नेपालीले गौतमबुद्धको बारेमा यथार्थ जानकारी राखेका छौं कि छैनौं ? सोच्न नितान्त आवश्यक छ । बुद्धले दिनुभएको शिक्षाबारे थोरै भए पनि जानकारी हामीमा हुनुपर्छ कि पर्दैन ? त्यो प्रत्येकले सोच्नुपर्ने कुरा हो । हामी प्रत्येक (सबै) जुन जाती र धर्मालम्बी भए पनि हामीले राष्ट्रियतालाई कदापि भूल्नुहुँदैन । बुद्ध नेपालमा जन्मेकोमा मात्र गर्व गरेरे पुग्दैन, बुद्ध शिक्षाबाट पनि फाइदा लिन सक्नुपर्छ । जसबाट आ-आफ्नो जीवन सुखमय गर्नसक्यो भने मात्र गर्व गरेको ठर्हछ ।

अन्तमा पुनःएक पटक हामी बुद्ध जन्मेको देश नेपालमा जन्मन पाएकोमा गर्व गरी उहाँको शिक्षा केही मात्रामा भए पनि मनन गरी त्यसलाई व्यवहारिक जीवनमा प्रयोग गर्न सक्यौं भने साँच्चैनै समाज र राष्ट्रको उत्थानमा टेवा मिल्नेछ । अस्तु ॥

भवतु सब्ब मङ्गल

'परियत्ति सद्धम्म कोविद'

❖❖❖




टाउको दुखाइ र आँखा कमजोर तथा यससम्बन्धी कुनै पनि रोग या समस्या भएमा **प्रत्येक दिन** आधुनिक डिजिटल कम्प्युटरबाट वरिष्ठ आँखा सर्जनद्वारा यसको जाँच तथा औषधी उपचार गराउन, सबै किसिमका पावर चस्मा बनाउन, पुराना चस्माहरूको मर्मत र चस्मा नै लगाउन नपर्ने गरी **आँखाभित्र विभिन्न कलरको कन्ट्याक्ट लेन्स** राख्न हामीलाई सम्झनुहोस् ।

**लक्ष्मी अप्टिकल**

खौमा, भक्तपुर, ६६१२०१२, ६६१४३३१, ९८४१३९४७५५

२५५८ औं

**बुद्ध जयन्तीको**

उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**बासु उमावि**

तथा

**बासु कलेज**

कालिघाट, भक्तपुर

पुस्तक परिचय

# 'बालोपयोगी सचित्र बुद्धजीवनी' पढ्दा

✍ विष्णुगोपाल कुशी





सिद्धार्थ जन्म

कम्युनिष्टहरु विशाल हृदयका हुन्छन्, हुनुपर्छ । कुनै कम्युनिष्ट पार्टीका नेता विशाल हृदयका छैनन् भने उनी सच्चा कम्युनिष्ट होइनन् । बहुमत जनताको हित नगर्ने नेता कम्युनिष्ट नेताको सूचीमा पर्दैन, पर्नेछैन तर विशाल हृदयका सुयोग्य नागरिक, सद्‌गुणी बन्न कम्युनिष्ट नै बन्नुपर्छ भन्ने होइन । कम्युनिष्ट नबनिकन पनि संसारका जनताको मन जित्न सक्ने, विश्वास जित्न सक्ने देशभक्त नागरिक बन्न सक्छ, महामानव बन्न सक्छ, पथप्रदर्शक बन्न सक्छ । शाक्य वंशका सिद्धार्थ गौतम त्यस्तै एक विश्वविख्यात प्रतिनिधिपात्र हुन् । वैशाख पूर्णिमाको दिन एउटा साल वृक्षमुनि जन्मेका गौतम कपिलवस्तु राज्यको राजधानी कपिलवस्तु नगरस्थित लुम्बिनी बगैंचामा जन्मेका शुद्धोदन गौतम र मायादेवी गौतमका नेपाली सुपुत्र हुन् । मायादेवी माइत जाँदाजाँदै कपिलवस्तु र देवदह नगरको बीचमा अवस्थित लुम्बिनी बगैंचामा जन्मेका सिद्धार्थ महापुरुष बने । विद्यामा पारङ्गत, स्मरणशील, विद्यार्जनमा रुचि राख्ने उनी सबैप्रति राम्रो व्यवहार गर्ने सिद्धान्त भएका व्यक्ति हुन् । घोडसवार गर्न, रथ हाँक्न, धनुषवाण चलाउन निपुण र सिपालु सिद्धार्थ आफ्नो उद्देश्य पूरा गर्न या सिद्ध गर्न सफल भएकैले साँच्चै उनी सिद्धार्थ भए ।

महान सम्राटको उत्तराधिकारी बनेर ऐश, आराम र सुखपूर्वक जीवन बिताउने थलो राजदरबार छोडेर कपिलवस्तुको मात्र होइन विश्वकै जनताको शास्ता बन्न सफल सिद्धार्थ गौतम जन्मेको सातौं दिन पूज्य माता मायादेवीको दुःखद् निधन भयो । मायादेवीको दुःखद् निधनले राजा शुद्धोदनको जीवनमा बज्रपातझैं भयो । पुत्र सिद्धार्थ घर छाडी विश्वकै महान पुरुष बन्नेछ भन्ने



दरबार त्याग

विद्वान र ऋषिहरुको भविष्यवाणीले पनि अर्को ठूलो बज्रपात भयो । एक त महारानीको निधनले दरबार र देश शोकमा डुबेको अवस्थामा राजकुमार सिद्धार्थ दरबार छोडेर, राजसिंहासनको उत्तराधिकार त्यागेर जाने ऋषिहरुको भविष्यवाणीले राजा शुद्धोदन चिन्तामा नडुब्नु पनि कसरी ?

दया र करुणाका धनी, आँटिला, बुद्धिवान, व्यवहारवादी सिद्धार्थ कपिलवस्तुमा राजा भएर बसेका भए त्यो देशका जनताले पनि सुख-सुविधापूर्ण जीवन बिताउन पाउँथे । आफ्नो देशका जनताको दुःख बुझेर सेवा गर्थे । शुद्धोदनको राज्य विश्वकै एउटा उत्कृष्ट राज्य बन्थ्यो, सायद नेपालमा शाक्य वंशहरुकै शासन चल्न सक्थ्यो । सिद्धार्थ गौतम राजा भएको भए पक्कै पनि देशमा पुज्थे । उनको योगदान अविस्मरणीय हुन्थ्यो तर विद्वान सबैतिर पुजिन्छ भनेझैं सिद्धार्थ राजपात छोडेर बुद्ध भएपछि झन् उनी विश्वभर पुजे, विश्वका जनताले माने । तर सिंहासनमा बसेर जनताको सेवा गर्नुभन्दा सिंहासन छोडेर जनताको सेवा गर्नु झन् ठूलो कुरा हो । त्यसैले सिद्धार्थले विश्वका जनताको स्याबासी पाए, भगवानसरहको मान्यता पाए ।

सिद्धार्थ राजपात छोडेर जाला भन्ने चिन्ताले बुबा शुद्धोदनले दरबारभित्रै मौसम अनुकूल बस्ने सुविधा सम्पन्न तीन महल बनाए, नरनारी र गायक-गायिकाहरुको व्यवस्था गरे, सुन्दरीहरुको नाचगान गराए । सिद्धार्थलाई राजदरबारमा राखिराख्न सुन्दरी यशोधरादेवीसँग विवाह गराए । तर पनि उनको इच्छा र विचारलाई पिता शद्धोदनले रोक्न सकेनन्, भुलाउन सकेनन् । यो बुद्धको त्यागको महानता हो, जनसेवकहरु लोभलालचमा फस्दैनन् भन्ने यो राम्रो उदाहरण हो । सिद्धार्थ गौतमलाई राजदरबार र राजदरबारको वरपरमात्रै घुमाइरहे, बाहिरी वातावरण बुझ्ने अवसरबाट वञ्चित गराउने अनेक प्रयास गरे । राजदरबारमा बसेर सुखपूर्वक जीवन बिताइरहेको बेला उनले नगर घुम्ने चाहना राखे, दरबारको जीवन र जनताको जीवनको भेद र यथार्थबारे थाहा पाउन चाहे तर बाहिरी जगतको यथार्थ जीवन थाहा पाउलान् भन्ने चिन्ताले राजा शुद्धोदनले नगर भ्रमणको बेला वरपर सफा सुग्घर गर्ने, सजिसजाउ गर्ने, कुनै पनि बुढो, रोगी, गरिब जनता बाहिर निस्कन नपाउने उर्दी जारी गरे । तर ढाँटिको कुरा काटे पनि मिल्दैन भनेझैं राजा शुद्धोदनका यी सम्पूर्ण प्रयास निरर्थक भयो । राजकुमार सिद्धार्थले नगर भ्रमणबाट नयाँ नयाँ अनुभव गरे । राजदरबारको जीवन र सर्वसाधारण जनताको जीवनको भेदबारे थाहा पाए अर्थात् समाजमा धनी-गरिब, सुखी-दुःखी, तथा ऐसआरामपूर्वक जीवन बिताउने र कष्टकर जीवन बिताउने जनता रहेको उनले थाहा पाए । यसले उनमा अझ थप जानकारी पाउने कौतुहलता बढ्यो । वास्तविकता थाहा पाउन नगर भ्रमणले नपुग्ने उनले निधो गरे । अन्ततः प्राणी र जगतको हित गर्न, रोग, पीडा र शोकमाथि विजय पाउने सही मार्ग पहिल्याउन २९ वर्षको उमेरमा राजपात, राज्य श्रीसम्पत्ति, पिता, पत्नी र पुत्र सबैको माया त्यागी उनी बाहिर गए ।

उनी वन वन पुगे, ध्यान बसे । उनले ध्यानमात्र गरेनन् । उनले ऋषिमुनि विद्वानहरुसँग भेटे । उनीहरुसँग अनुभव साटे । धनी-गरिब, व्यापारी-साहुमहाजन तथा सर्वसाधारणसँग भेटे, साक्षात्कार गरे । यसरी अनुभव र ज्ञान लिंदै, ध्यान बस्दै वैशाख पूर्णिमाको दिन ३५ वर्षको



बोधि वृक्षमुनि बुद्धत्व प्राप्ति



धर्मदेशना दिनुहुँदै गौतम बुद्ध


उमेरमा सम्पूर्ण खराब विचारको अन्त्य गर्न या सारा प्राणीहरुको भलो चिताउन उनले बुद्धत्व प्राप्त गरे । आफूले प्राप्त गरेको अनुभव र ज्ञान आफ्नै मनभित्र सीमित राखेनन् । सिद्धार्थका उपदेशबाट देश-देशान्तरका विद्वान, साहुमहाजन, व्यापारी तथा सर्वसाधारण प्रभावित भए । राजा बिम्बिसार आफै बुद्धका अनुयायी बने । बुद्धबाट प्रभावित भएरै राजा बिम्बिसारले सुन्दर बेलुवन प्रदान गरे र त्यो नै बुद्ध धर्मको पहिलो विहार बन्यो ।

उनी जहाँ जहाँ पुगे र बसे, त्यहाँ धर्मदेशना गर्थे । उनले साना ठूला राज्य, नगर र गाउँ भनेनन्, धनी-गरिब, बूढा-बच्चा, स्त्री-पुरुष नभनी उपदेशहरु बाँड्थे, शिक्षा दिक्षा दिन्थे । यसरी उनले ४५ वर्षसम्म जनताको हित हुने उपदेश दिए । उनी भन्थे- उत्तम ज्ञान आफूसँग मात्र राख्ने होइन, बाँड्नुपर्छ ।

राजाको कुलपुत्र सिद्धार्थले भिक्षा माग्दै हिँडेकोमा राजा शुद्धोदन असन्तुष्ट थिए । राजखानदानको पुत्रले घर-घरमा भिक्षा मागी खानु सुहाउँदैन भन्ने राजा शुद्धोदनको तर्क थियो । दरबार छोड्नुको मतलब के राजखानदानको इज्जत फाल्ने हो भनी शुद्धोदन प्रश्न तेर्स्याउँथे । मगन्तेले झैं मागी मागी हिँडेको आफ्नो राजवंशमा कहिल्यै नभएको, नगरेको काम गरे भनी पुत्र सिद्धार्थलाई तर्साउँथे । राजाका पुत्र, राज्यका उत्तराधिकारीजस्तो व्यक्तिले कुलको इज्जत फाल्यो भनी छोरालाई सम्झाउँथे । तर पनि सिद्धार्थले आफ्नो बाटो छोडेनन् ।

उनले राम्रा राम्रा हितकारी सन्देश बाँडेका थिए । मेहनत गरेर खाने, आर्जित सम्पत्तिको सदुपयोग गर्ने, आफू एक्लैले मोजमज्जा नगर्ने, आम्दानीभन्दा बढी खर्च नगर्ने, विपत्तिको निम्ति पनि सम्पत्ति सञ्चय गर्ने विचार के सही होइन ? आज समाजका कति युवाहरु बिग्रनुको कारण आफूले परिश्रम नगरी मातापिताबाट आर्जित सम्पत्ति मनपरी खर्च गर्नु पनि हो । आर्जित सम्पत्तिको दुरुपयोग गरेकोले दुःखी बने, कति हैरानी र निरास बने । आ-आफ्नो व्यक्तिगत स्वार्थका कारण दाजुभाइ भिन्न बस्ने, झगडा गर्ने काम बढ्दै गए । समाज र मिलेर परिवार चलाउनुभन्दा एक्लैले मोजमज्जा गर्ने बानी सेवामुखी, समाजमुखी, परिवारमुखी होइन व्यक्तिमुखी प्रवृत्ति हो । यसले आफै खाऊँ, आफै लाऊँ, आफै मोजमज्जा गरुँ भन्ने प्रवृत्तिको विकास गर्छ ।

सही विचार बोकेर राम्रो काम गर्दा पनि समाजमा नसहने, नपच्ने एकथरीको समुदाय पनि नभएको होइन । सही विचार लिएर अघि बढ्दा भए-नभएका झूट कुरा फलाकेर विरोध गर्ने पनि हुन्छ । अनेकानेक षड्यन्त्र रचेर पतन गराउने या दुःख दिने काम भएको हुन्छ । नेपालमा देश र जनताको सेवामा काम गर्ने दल नभएको होइन ।



निर्वाण मुद्रामा बुद्ध



बुद्धगया

बहुमत जनताको हितमा संविधान बन्नुपर्छ, ऐन-कानुन बन्नुपर्छ भन्ने दल नभएको होइन ।

शुद्धोदनले सिद्धार्थ गौतमलाई सिंहासनमा बस, शासन चलाऊ भने तर उनी मानेनन्, दरबार छोडेर जनताको सेवा गर्न निस्के । तर नेपालका कति दलहरु शासनसत्ताकै निम्ति मरिहत्ते गर्छन् शासन सत्ताकै निम्ति बरु दल र जनता त्याग्छन्, शासन सत्ता पाएपछि देश भुल्ने, देशलाई दूरगामी असर पार्ने काम गर्न पछि पर्दैनन् ।

सिद्धार्थ गौतमलाई मार्ने अनेकानेक षड्यन्त्र रचिएको थियो तर ती षड्यन्त्रहरु असफल भए । सिद्धार्थलाई हतोत्साही पार्न, उनको विचार छोडाउन बाटोमा जाँदा जाँदै चट्टान खसालेर घाइते बनाउने, बहुलाएको हात्ती छोडेर मार्ने प्रयास नभएको होइन । भिक्षुहरुलाई भड्काउने, विचलित पार्ने नियमहरु बनाउने देवदत्तले प्रयास नगरेका होइनन् । सिद्धार्थ गौतमलाई केही पञ्चभद्र वर्गीयहरुले भ्रष्ट भनी टीकाटिप्पणी गरे, नगर भ्रमणको क्रममा स्वागत नगर्ने कुरा उठाए । पछि तिनीहरु नै बुद्धबाट प्रभावित भए र पात्र चीवर नै बोके, स्वागत गरे, आसन बनाए या सहयोग गरे ।

भिक्षुहरुलाई घरभित्र नछिराउने, माछामासु खान नहुने आदि बकवास पनि नगरिएको होइन । यस्ता षड्यन्त्रहरु बुद्धकालीन समयमा मात्र होइन अहिले पनि छ । क्युवाका पूर्वराष्ट्रपति फिडेल क्याष्ट्रोलाई सयौंपटक मार्ने प्रयास भयो । संसारमा जति पनि नेता, राजा, विद्वानहरु विचार, सिद्धान्त र विज्ञान आविष्कारको कारण नाउँ चलेका हुन् । सिद्धार्थ गौतम, मार्क्स, लेनिन, माओ त्सेतुङ्ग, स्टालिन, किम इल सङ, ह्युगो चाभेज राम्रा अनुहारका कारण नाउँ चलेका होइनन् । उनीहरु विचार, सिद्धान्त र बहुमत जनताको हितमा जीवन अर्पण गरेकै कारण विश्वमा नाउँ चलेका हुन् ।

बुद्धले जीवनको अन्तिम घडीसम्म लोकजनको हित गर, चित्त शुद्ध गर, अरुको भरमा नबसी आफै सक्षम, योग्य होऊ, शोकमा मात्र डुबेर जीवन नबिताऊजस्ता सन्देश दिए ।

सिद्धार्थलाई चक्रवर्ती सम्राट बनाउने, हजारौं द्वीपका अधिपति बनाउने शुद्धोदनको इच्छा अधुरो भयो, सपना चकनाचुर भयो । घरबाट छोडेर जोगी बन्ला भन्ने चिन्ताले शुद्धोदनले पुत्र सिद्धार्थलाई नौतले रम्य, साततले सुरम्य र पाँचतले शुभ महल बनाइदिए । उनी कुनै लोभमा फसेनन्, बरु सम्पूर्ण राजपाट छोडी जगत उद्धारमा लागे ।

शाक्य वंशीय कुमार सिद्धार्थ १६ वर्ष पुगेपछि राजा शुद्धोदनले यशोधरासँग विवाह गराए । असार

पूर्णिमाको दिन शुभ-मुहूर्तमा २९ वर्षको उमेरमा उनी दरबार छोडेर निस्के । रसरङ्ग र हर्ष ध्वनिमा रमाइरहेको दरबार एकाएक सुनसान भयो, विस्मात्मा डुब्यो ।

सिद्धार्थको गहन चिन्तन, चासो र मेहनतका कारण उनले ३५ वर्षको उमेरमा वैशाख शुक्ल पूर्णिमाको दिन बोधिवृक्षमुनि बुद्धत्व प्राप्त गरे । राज्य सुखभोगभन्दा सर्वज्ञ बुद्ध भएर जगतप्राणीको उद्धार गरे । सम्राटका पनि सम्राट बनाउने बुबा शुद्धोदनको इच्छा मनमै रह्यो ।

राजा शुद्धोदनले आफू मर्नुअघि पुत्र सिद्धार्थको मुख हेर्ने चाहना राखे । पिताको अनुनय स्वीकार्दै सिद्धार्थ कपिलवस्तु पुगे । राजा शुद्धोदनको मृत्युपछि सिद्धार्थले पुत्र राहुल, कान्छी माता प्रजापति गौतमी र धर्मपत्नी यशोधरालाई भिक्षु बनाए ।

समय बित्दै गयो । सिद्धार्थ ८० वर्षमा टेके । उनले अन्तिम घडीमा पनि 'संस्कार सबै अनित्य भन्ने बुझी अप्रमादी भई राम्ररी स्मृति राखी गुण, धर्म सम्पादन गरिलिने प्रयत्न गर' भनी संसारबाट बिदा लिए । यसरी सिद्धार्थ गौतम (गौतम बुद्ध) वैशाख पूर्णिमाको राती सबैको संस्कारको अनित्य भाव देखाई कुशीनगरको शालोद्यानमा महापरिनिर्वाण गरे ।

यसकारण बुद्ध जन्मेको देश लुम्बिनी, बुद्धत्व प्राप्त गरेको स्थान बुद्धगया, धर्मचक्र चलाएको स्थान ऋषिपतन (सारनाथ) र महापरिनिर्वाण भएको स्थान कुशीनगर संसारका सबै नागरिकका निम्ति स्मरणीय ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक महत्त्वका स्थलहरु हुन् । गौतम बुद्धका उपदेश, मार्गनिर्देशबाट करोडौं अरबौं जनताको सेवा, मुक्ति प्रदान गरोस् भन्ने कामना गर्नु समयको माग हो, आवश्यकता हो । अत: बुद्धदास भिक्षुद्वारा लिखित यो 'बालोपयोगी सचित्र बुद्ध जीवनी' सानादेखि ठूलासम्मको निम्ति पठनीय छ । यो पुस्तक बैङ्ककको वात्बवरनिवेस विहारवासी नेपाली भिक्षु विपस्सीबाट थाई भाषाबाट नेपालीमा अनुदित भएको हो ।

❖❖❖


२५५८ औं **बुद्ध जयन्ती**को

उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरुमा सुख, शान्ति र समृद्धिको

हार्दिक शुभकामना व्यक्त गर्दछौं ।






यहाँ तयारी गरगहना पाउनुका साथै अर्डरबमोजिम तयार गरिन्छ ।

**रत्नायन ज्यास पसः**

**रत्नायन ज्वेलरी**

खौमा टोल भक्तपुर-१५, ६६१०२५४, ६६१७४२३

# सुवर्ण महाविहार

परिचय

सुवर्ण विहार ख्वपया छगू पुलांगु बहि खः । सुकूध्वाकात्वाःया मू लँ जुना वनेवलय् गोल्मढीत्वाः भोलाछेँ त्वाः वनेगु स्वंका लँ ध्वदुइ । थनं दथुया लँजुना दक्षिण पाखे स्वयाःवनेबलय् थुगु वही थ्यनी । सुवर्ण (लुँवर्ण) विहारयात सुकूध्वाका वही धकाःनं धया वयाच्वंगु दु । अथेहे वहीया उत्तर दलामे तिकातःगु ल्वहँपतिइ थुगु बिहारयात श्री रुद्वार वहाल धकाः उल्लेख यानातःगु दु ।

**ऐतिहासिक पृष्ठभूमि**

थुगु वहीया प्रारम्भिक इतिहास प्रकाश जुइगु छुं प्रकारया अभिलेख आःतक लुया वगु मदुनि । भौतिक स्वरुप स्वयबलय् ध्व ख्वपया छगू पुलांगु वही खः धकाः अनुमान यायेफु । थन सुरक्षित जुयाच्वंगु पंचरक्षा सफूतिइ ज्योति मल्ल देवयाः नां वाँलाक खनेदुगुलिं थुगु वहिया प्राचीनता अनुमान यायेफु । थुगु सफूया अंतिम पत्रय् उल्लेख यानातःगु वाक्यांशं थुगु सफु पशुपति महाविहारया बज्राचार्य थापालजु सुकुध्वाखा वहिलिया हलि भारोयात च्वयाः (सारेयानाः) व्यूगु खनेदु । तिबुक्छेँ त्वाःया सुकूध्वाका लागाय् च्वंगु वही जुगुलिं थुगु पंचरक्षा सफुतिइ थुगु विहारयात सुकुध्वाखा वही धकाः च्वयाःतःगु खः । थौंकन्हे तकनं पशुपति (प्रसनशिल) महाविहारया बज्राचार्य थपाजु पिसं हे सुकूध्वाका वहिली कर्मकाण्ड चलेयानाः वयाच्वंगु दनी ।

**विहारया स्वरुप व सम्पदाः**

ख्वपया जिर्ण अवस्थाय् थ्यनाच्वंगु विहार वही मध्येया छगू बहि सुकूध्वाका वही नं खः । ख्वपया थुगु प्राचीन वहीया दथुइ वज्रधातु चैत्य स्थापना यानाः तःगु दु । मूल चैत्यया दक्षिण भागे ल्वहँया वज्रसत्व व टेराकोटाया प्राचीन शाक्यमुनी बुद्धया मूर्ति अंगलय् पलिस्था यानातःगु दु । थ्वहे टेराकोटाया शाक्यमुनी बुद्ध हे वहीया गण्धुरीदेवता खः । वि.सं. २०४५ सालय् न्ह्यः तक थुगु थासे गण्धुरी देवताया क्वथा थुगु भग्नावशेषयात नं चिकेगु ज्याजुल । उबलय् हे शाक्यमुनीबुद्धया मूर्ति पलिस्था यानातःगु दु । उत्तर भाग या दलामय् वज्रविर महाकाल व मेगु छेँया अंगलय् सरस्वतीया मूर्ति पलिस्था यानातःगु दु । आगं निस्वनाः तःगु दु । गुँलां ब्वइपिं विभिन्न देवीदेवता अर्थात् वहीचत थन संग्रहित याना तःगु दु । थुगु थाय् (थुगुछेँ) थौंकन्हे भिम आदर्श निमावि स्कूल चलेजुयाच्वंगु दु ।

चैत्यया लिकसं पच्छिमा भागय् स्वंगू तलादुगु देगः दु । थुगु हे देःगलय् दुने भिंच, द्रौपदी नापं मेमेपिं द्योतनं स्थापना यानातःगु दु । थुगु वहिली दुने भिसिंच विराजमान जुयाच्वंगुया कारणं थुगु प्राङ्गणय् बौद्ध धर्मावलम्वीत बाहेक मेपिंसंन बसोबास यानाःवःगु खनेदु । उकिंयानाः थुगु थाय् छगू वही स्वयाःनं भिसिंचःया थाय्कथं अप्वः प्रचार जुयाच्वंगु खनेदु । थनया छगू ल्वहँपतिइ बहिया चित्रण बाँलाक्क जुया च्वंगुदु । उदाहरणकथं उगु ल्वहँपौया छुं अंश उल्लेख यायेगु उपयुक्त जुइ ।

त ७०० अश्विनि शुक्ल नवमि ॥ तुपलाछस चे
त भारदयका दिन सम्वत् ७०३ माघ शुक्ल श्री पंचमि ॥
लिवि दथुस चेटभाड द्विगि वज्रजोगिनि दयका
दिन सम्वत् ७०९ कार्तिक कृष्ण एकादशि ॥ यथं
लिस चेतभाड दयका दिन सम्वत् ७१२ माघ शुक्ल श्री
पंचमि ॥ श्री २ भिमसेन दूर्प्यती थापना दिन सम्वत
७१२ आश्विनिं शुक्ल पंचमि ॥ सद्धम दयका दिन
सम्वत् ७२३ श्रावण शुक्ल द्वादशि ॥ ध्व त्य देवस्तं टुटं

**विहारया संघ व ज्याभ्व**

थुगु वहीया संघ परिवार त न्हापा सु सु खः ( शाक्य, बज्राचार्यपिं वा सुद्धकारपिं) धयागु छुटे मजु । तर थौंकन्हे थनया संघपिं सुद्धकारपिं खः । इपिं हे भिसिंचया पुजारीतनं खः । थौकन्हे वहिली दुने कर्मकाण्ड चलेयानाः

च्वंपिं थुपिं सुद्धकारपिं निगू परिवारया जम्मा फिंन्या:म्ह दुज जक दु । इमिसं थ:गु गछ्ये अनुसारं ल्वहंपतिइ उल्लेख यानत:गु कथं वहिली यायेमा:गु कर्मकाण्ड चलेयाना: च्वंगु दनी । वहीया संघ दुजपिंसं वर्तमान प्रसनशिल महाविहारया बज्राचार्य थपाजु पाखें थौंतक नं कर्मकाण्ड चले याना वयाच्वंगु दनी । गुंलाध्व द्वादशी निसें गुन्हुतक थुगु वहिली नं वहीचो व्वयेगु चलनदु । थन ब्वइपिं सिं:यापिं वहीचो पुलां जुया स्यने धुकपिं जक यक्व दुगु जुल । उकि मध्येय् मंजुश्रीया आसनय् सम्वतया न्ह्योनेया आख: ५३ ( ) व हलिभारो स्त्रिपुल धका: उल्लेख यानात:गु छग:निग: आख: ब्वने फगु दनी । थुगु वहिया हेरचाह यानाच्वंपिं शाक्य वज्राचार्यपिं गथेजुया तुते:जुया: वहीया अधिका:र भिंद्यया पुजारी जुयाच्वंपिं सुद्धकार तयेगु ल्हा:ति लात धैगु सिइकेत अफ विस्तृत कथं अनुसन्धान यायेगु वाकि हे दनि । थुगु वहिली भिंद्यो पलिस्था जुयाच्वंगु कारणं याना: षशु, पंछीया वली विया: पुजायाइपिं यक्व: दु । थनया:म्ह भिंद्य दोलखां पासुका तया सालाहम्ह धाइ । ने.सं. ७७२ पाखे शिवसिंहं भिंचोयात देग: दयेका तोरण नापं चढे यागु जुल । शिवसिहया थुगु ल्वहपौ (सालिक दुगु) भजनछें ( पूर्वाभाग) या अंगलय् तिकात:गु दु । थुगु सुवर्ण विहार ( सुकूध्वाका वहिली) दुने इलय् व्यलय् याना:वयाच्वंगु थी थी ज्याभ्वतयूबारे विधि विधान त उल्लेख जुयाच्वंगु दु । थनया दलामे तिकात:गु ल्वहँपतिइ वांलाक उल्लेख यानात:गु दु । उल्लेख जुकथं वहिलिइ भिसिंद्य नापं सकल देवताया नित्य पूजा यायेगु, चिकूला दिसिपूजा, वर्षाया दिसिपूजा यायेगु, वहिद्य ब्वयेलय् (वहिद्य थहाँबिज्यायेंकेवलय्) होमयाना: पूजायायेगु, बदे (गुभाजु) यात छगू छगू दाम दक्षिणा विया: भोजन याकेमा:गु, कतिं पुन्ही कून्हु सख्वालं पाना चैत्य पुजायायेगु, कार्तिक महिनाया अष्टमी कून्हु आगम कोथाय् मंसाहुती यज्ञ याइगु, गुभाजुयात छगू छगू दाम दक्षिणा विया: भोजन याकेमा:गु व श्रीपंचमी कुन्हू चाकल मत च्याकेगु नापं सकिमना पुन्ही कून्हु यमरी ब्वयेगु आदि खँ ल्वहँपतिइ उल्लेख जुयाच्वंगु दु । थुजा:गु ज्या यायेत जुजुपिसं न्हापा प्रशस्त बुँ दत्तकीर्ति तया थकुगुनं थुकी उल्लेख यानात:गु दु । थन विहारय् जुजु जगज्योति मल्लया इलय् च्वया त:गु पञ्चरक्षा सफू नं दु ।

❖❖❖




२५५८ औं

बुद्ध जयन्तीको

उपलक्ष्यमा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**कृष्णप्रसाद वैद्य**

९८५१०६८१२८

# आलस्य तथा ऐश्वर्य त्याग्नुभयो

- गोपीकृष्ण प्रजापति

आलस्य तथा ऐश्वर्यलाई त्याग्न धेरै समय तथा शक्ति नष्ट हुन्छ । त्यसलाई त्याग गर्नु भनेको श्रद्धेय भिक्षु अश्वघोष महास्थवीर हुनु हो ।

उहाँको स्मृतिमा जतिबेला उहाँकी आमा लक्ष्मीमायाले अवतारी लामाबाट दिक्षा लिएर पूजामा व्यस्त थिइन् त्यतिबेला पूजाको लागि मासु र रक्सीजस्ता सामानहरु पनि चाहिने भएर तिनी दिक्क मान्थिन् । मासु र रक्सी लक्ष्मीमायाको लागि शत्रुसरि थियो । त्यसैले तिनको मन त्यस्तो पूजातिर खुकुलिँदै गरेको थियो । एकदिनको कुरा हो- शान्त इन्द्रिय संयमित एकजना भिक्षु हातमा कालो गोलो पात्र लिएर भिक्षा माग्दै त्यहाँ आउनुभयो । लक्ष्मीमायाको दृष्टि पनि ती शान्त मूर्तितिर ध्यानाकर्षित भयो । एकदिन त तिनले ती भिक्षुलाई घरैमा निमन्त्रणा गरी भोजन दान गरिन् । भिक्षुद्वारा बुद्ध वचन तथा धर्मोपदेश पनि श्रवण गरिन् ।

त्यहाँबाट तिनको मन थेरवादी भिक्षुहरुप्रति श्रद्धा त गयो । तिनका पुत्र बुद्धरत्नले समेत ती भिक्षुको भोजन देखेर विचार गरे । भोजन त गुलियो खीर होइन रहेछ । जसरी दैनिक रुपमा खाने दाल-भात तरकारी जस्तै रहेछ । यदि त्यसरी नुन राखेकोसमेत खान हुने भए म पनि भिक्षु हुनसक्छु । नियमित रुपमा आमा भिक्षुहरुकहाँ जाने हुँदा उहाँ पनि आमासँगै भिक्षुहरुको आश्रममा पुग्नुभयो । उहाँ सबैभन्दा पहिला श्रद्धेय भिक्षु प्रज्ञारश्मिको सत्संगतमा परेका थिए । उहाँकी आमाले उहाँलाई महानायक भिक्षु अमृतानन्द महास्थवीरको हातमा सुम्पिदिइन् । उहाँको मनमा पनि भिक्षु हुने विचारभावको अभ्युदय भयो । यस्तो इच्छा जाग्नुको प्रमुख कारणहरु उहाँ यसरी बताउनुहुन्छ-

१) घरको झन्झटबाट मुक्ति प्राप्त गर्न ।
२) राम्रो र उच्चस्तरमा पढ्न र धेरै कुरा जान्न ।
३) देश विदेशमा सजिलै घुम्न पाउन ।
४) दु:खबाट मुक्त हुन वा मुक्त हुने बाटोमा लाग्न उहाँको यो प्रव्रजित जीवन बिताउने इच्छालाई उहाँकी आमाले सहर्ष स्वीकारमात्र गरिनन् बरु ठूलो प्रेरणा दिएर लक्ष्यमा पुग्नसमेत ठूलो मद्दत पनि गरिन् । तर बाबुसँग यस विषयमा सोध्न जाँदा उहाँको पिता मान्दै मान्नुभएन । तसर्थ अमृतानन्द महास्थविर तथा धर्मालोक महास्थविरहरुले उहाँलाई भन्नुभयो- तिम्रो आमाको अनुमति पाएसरि तिम्रो बाबु र श्रीमतीसँग पनि अनुमति नलिई तिमी प्रव्रजित हुन सक्दैनौ । यो कुरा सुनेर उहाँ पुन: बाबुसँग भिक्षु हुनको लागि अनुमति माग्न जानुभयो । उहाँको बाबुले उहाँलाई अनुमति दिन पटक्कै मान्नुभएन ।

उहाँको पिताले भन्नुहुन्थे- मेरो लौरो दुईटा छ । नदी पार गर्दा कथंकदाचित एउटा लौरो बगाएर लगे पनि अर्को लौरोको भरोसा लिनुपर्छ । तिम्रो दाजुले जवानीको सुरमा घरको कामकाजमा ध्यान दिइरहेको छैन । तिम्रो भरोसा लिइरहेको थिएँ । तिमी प्रव्रजित होलाऊ भन्ने सपनामा पनि चिताएको छैन । मबाट तिमीलाई कहिल्यै पनि भिक्षु हुने अनुमति प्राप्त हुनेछैन । त्यस समयमा उहाँले पनि जिद्दी गरेर भिक्षु हुने र घरमा नबस्ने कुरामा अडान लिनुभयो । भरसक बाबुलाई अनेक तवरले भए पनि सम्झाउने कोसिस गरिरहनुभयो । अन्तत: उहाँको घर नबस्ने दृढता देखेर उहाँको बाबुको केही लागेन र केही भन्न सक्नुभएन । आँखाबाट आँसु झार्दै पिताले भन्नुभएको कुरा उहाँ अद्यापि सम्झिरहनुहुन्छ- त्यसो भए तिम्रो इच्छा अनुसार गर । घरमा सबैसँग अनुमति लिएर उहाँ भिक्षु हुन पाउने खुसीले भिक्षुहरुको विहारमा पुग्नुभयो तर उहाँले अनुमति पाएको कुरा न धर्मलोक महास्थविरले पत्याउनुभयो न त अमृतानन्द महास्थविरले नै । तत्पश्चात् उहाँले दुवै भिक्षुहरुलाई नै घरमा लिएर जानुभयो । त्यतिबेला उहाँकी श्रीमती आसामाया पनि त्यही थिइन् । सबैसँग कुरा गर्ने सिलसिलामा ती आसमायालाई पनि भिक्षुहरुले सोध्नुभएको थियो- ल, तिम्रो श्रीमान् भिक्षु बन्ने रे । तिमी छोड्न सक्छौ ? घरमा आमाको अनुमतिमात्र होइन प्रेरणा नै प्राप्त गर्नु भएको थियो भने बाबु र श्रीमतीको पनि उहाँले भिक्षु हुने अनुमति प्राप्त गर्नुभयो । अन्तत: आलस्य तथा ऐश्वर्यलाई त्यागी श्रद्धेय भिक्षु अश्वघोष महास्थविर हुनुभयो ।

सन्दर्भ : भिक्षु संघ रचित शोधग्रन्थको प्रथम अध्याय संक्षिप्त वैवाहिक जीवन, बुद्ध शासनमा प्रवज्ञा

❖❖❖

२५५८ औं
बुद्ध जयन्तीको
उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कमलविनायक फर्मा
भक्तपुर

२५५८ औं
बुद्ध जयन्तीको
उपलक्ष्यमा सम्पूर्ण ग्राहक महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विनायक फाष्ट फूड
भक्तपुर

२५५८ औं
बुद्ध जयन्तीको
उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षकशिक्षिका एवं शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

ब्राइट स्टार ई. स्कूल
भक्तपुर

२५५८ औं
बुद्ध जयन्तीको
उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षकशिक्षिका एवं शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

तारा माध्यमिक विद्यालय
भक्तपुर

# कृस्तान व बुद्धधर्मबारे फादरनाप संवाद

## बौद्ध ऋषि महाप्रज्ञा

छक : प्रज्ञाचैत्य महाविहारय् च्वनाबले वैशाख पुन्हीया उत्सव मानेयाना च्वनाबले कृस्तानया पादरीत निम्ह वया: विहारया लिक्क च्वंम्ह सुबेदार याथाय् वना: धाल-

'सुबेदार साहेब ! छिमी बुद्धिष्टतय् धर्म गुजा: गु धर्म ? मा:सांम्वा:सां धेबायागु बबार्द व चीजबीजया सत्यानाश, थुज्व:गु प्रकारं फरमाइस यायेत छु कम धेबां गाइगु ला ?' व धेबां गरीबतयूत नकूसा ईश्वर गुली खुसी जुइगु खइ, अस्पतालय् चन्दा तयाब्यूसां गुलि मनुयागु उपकार जुइगु खइ ।'

सुबेदारं - 'आम खँ जिमित धयां छु याये फादर । जिमिसं जवाफ बीमस: गुरुयात धा ।'

फादरं -'छिमी गुरुयात छक: स: ति ।'

सुबेदार वया : -'भन्ते ! जिथाय् फादरत निम्ह वया : वैशाख पुन्हिया उत्सवयात खण्डन याना : खँ ल्हानाच्वन, गुरु छक: नापलाये धका: धाल ।'

'आवश्यक जूम्ह हे जक धावा याइ सिबाय् आवश्यक मजूम्ह धावा याइमखु, जित आवश्यक छुं मदु, जि वयेमखु ।' धया ।

सुबेदार वना: अथे हे धाल, फादरत निम्हं विहारय् वल, दर्शनार्थीपिनिगु हुलयात चिइका, मेच निगू लायाव बिया, अपिं मेचय् फ्यतुत, दर्शनार्थीपिं हूल हे घेरा बिया: स्वयाच्वन । अमिसं धाल -

'भिक्षुजी ! बुद्ध मूर्ति साप हे बांला : सुनां दयेकूगु ?'

जिं धया -'थम्हं हे स: स: थे दयेकागु ।'

फादर - 'भगवानं भीत दयेकी लाकि भीसं भगवानयात दयेकीं ?'

'भगवानयात जिं दयेकागु मखु, भगवानयागु मूर्तियात जिं दयेकागु ख: ।' धया ।

'भगवानयागु मूति थथे च्वं धका : छं गथे सिल ?' धाल ।

'भगवानयागु मूर्तिया वर्णन शास्त्रय् दु ।' धया ।

'भगवानया मूर्ति हे मदु, रुप हे मदु, शास्त्रय् गनं दइ' धाल । 'छिमिगु शास्त्रय् मदुसा जकं, जिमिगु शास्त्रय् दु । थ्व खँ लिपा ल्हाये पादरी साहेब । न्हाच: छिं धाल 'भीत भगवानं दयेकूगु' धका : थ्व खँय् जित: शंका जुल, थ्व जिगु शंकानिं मिते यानाब्यु कि -'भगवानं भीत दयेकूगु छाय् ? संसारय् न्ह्याम्हसें न्ह्यागु हे या: सां छगु कारण मदयेक छुं हे याइमखु, भगवानं थ्व संसार दयेकेत नं छगू छुं कारण मदयेक भीत दयेकी मखु, छु कारणं, छाय् थ्व संसार दयेकल ? ' धया ।

'अले छु थ्व संसार भगवानं श्रृष्तिया:गु मुख धैगु ला ?' धाल ।

'जिं मस्यू, थ्वहे सिइके धका:, जि गृहस्थ त्वता: श्रमण याना जुयाच्वना, ज्ञान माला: जुयाच्वना, हरेक धर्मय् सतसंगत याना स्वयेधुन, थौं थ्व बुद्धधर्मय् तक थ्यनाच्वना, अज्ज नं आम कृस्तान धर्म जित: चित्त बुझे यायेफत धा:सा बुद्धयागु ज्ञान स्वया: नं यथार्थ ज्ञान बो जुइफत धा:सा जि नं कृस्तान जुई' धयो ।

ज्यू का छन्त जिं चित्त बुझे जुइक कने, जिं धर्मशास्त्र यक्व हे ब्वनातये धुन, छंगु मन सन्तोष जुइक जिं कने न्यँ ।' धाल ।

'धन्यवाद ! गुम्हसें जिगु उपरय् दया तया: जित ज्ञान थुइका बीगु अनुग्रह तइ व जिम्ह मांबौ ख:, तर फादर ! मांबौया शरणय् च्वनेमा:म्ह बालखलायके ज्ञान दइमखुनि, अज्ञानी जुतले व बालखं मांया मुलय् मलमूत्र नं फोहर याना ब्यु, सँ ज्वना: साली, अबुयागु ग्वाय ज्वना, साली, अथे नं मांबौपिं व बालख खना: तम्वयेके मूखुउ । वथें हे छिं जिगु उपरय् दयातया: पदेश यायेत भ्का:म्ह् छि जिम्ह मांबौ समानं ख:, जि छम्ह बालख समानं ख:, जि चित्त बुझे मजूतले छलफल याये, जि चित्त बुझे मजूतले आदर मान तइमखु, छलफल याये, तम्वयेकादी मज्यु' धय ।

'का का छन्त जिमिसं चित्त बुझे याना बी ।'

'जि चित्त बुझे मजूगु खँ थ्व्हे ख: कि -भगवानं थ्व दु:खमय संसार छाय् दयेका बिल ?' धया ।

'भगवान मदयेकूसा थ्व संसार गथे दतले ?'

'अच्छा । भगवानं दयेका: हे दुगु धायेका, दयेकूगु छाय ? छगू कारण मदयेक भगवानं छाय दयेकी ।'

'भगवानं भीत दयेकूगु थ्व संसार रचनाया लागि, भीपिं मदुसा थ्व संसार गथे चलेजुइ ?'

'खत का । भगवानं मदयेकूसा थ्व संसार गथे चलेजुइ ? जिगु प्रश्न थ्व ख: कि-'भगवानं भीत दयेकूगु छाय् ? आ: फादरयागु खँया भनाइ स्वयेबले संसार चले यायेत दयेकूगु धायेमाल, मखु ला ?'

'ख: संसार चले यायेय निंतिं दयेकूगु ।'

'संसार चले यायेमा :गु नं छगु कारण दइ, छुया निंतिं संसार चले यायेमा: गु ?'

'संसारय् पापी व धार्मिक ल्ययेत, थुके इशुयाके विश्वास दुपिं जक इश्वरयाथाय् थ्यनी, इशुयाके विश्वास मदुपिं जुक्व नर्कय् वनी ।' धाल ।

'ससार श्रृष्टि के मजुसा धर्म पाप धैगु हे दइमुख, अले ईश्वर छाय्माल ? नर्कय् सु वनी ?'

'भिक्षुजीया विचारं छु थ्व संसार इश्वर श्रृष्टि या:गु मखुका मखु ला ?' धाल ।

'जिगु धापू थ्व ख कि-'संसार श्रृष्टि यायेत छगू कारण दइ, व छु कारणं संसार श्रृष्टि यात ।'

लोकय् खु शान्ति ह्येत ।' धाल 'लोकय् सुख शान्ति दुला ले ?' धया ।

'सुख शान्तिया लागि इश्वरं श्रृष्टि या:गु ख:, उके शैतान दु:ख बियाच्वन' धाल ।

'शैतानयात सुनं श्रृष्टि यात ले ?' धया ।

'शैतान नं इश्वरं हे ।' धाल

'दुख बीम्ह शैतान इश्वरं छाय् श्रृष्टि यात ?'

'दु:ख बीकेत श्रृष्टि या:गु मखु, संसारय् मद्दत बीकेत, लिपा अपिं शैतान जुयावल ।' धाल ।

'लिपा शैतान जुई धैगु इश्वरं स्यू लाकि मस्यू ?'

फादरया जित: जवाफ मब्युसें अपिं निम्हसिया थ:गु भाषं गुनुगुनु खँ ल्हात, लिपा जित: धाल- 'भिक्षुजी !थौं जिपिं वने, लिपा छक: जिमि सिबें नं स:पिं फादर ब्वनाहये, अमिसं छन्त चित्त बुझे जुइक खँ कनी, थौं जिपिं वने न्हैं ?'

अमिसं दान पात्र खना: त्यन-'व छु ?' धका: ।

'उके छिकपिनिगु हे भाषं च्वया त:गु दु, ब्वनादिसँ' धका :धया ।

'उके जिमिसं नं तये ज्यू ला ?' धाल ।

'ज्यू' धया, छम्हूति धेबा दान बाकसय् कुर्का : 'लिपा वये' धला: वन । लिपा वये धा:पिं मवल ।

(महाप्रज्ञा या आत्मकथा पार्खे)

❖❖❖


## २५५८ औं बुद्ध जयन्तीको

**उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक-शिक्षिका एवं शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

## आदर्श आजाद उमावि/ आदर्श कलेज

**भेलुखेल, भक्तपुर**

# त्रैमासिक "अर्हत" को वार्षिक ग्राहक भई सहयोग गर्नुहुने महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ।

१) रुसा प्रजापति – भनपा च्याम्हासिंह-१
२) कृष्ण हलुवाई – भनपा सुकुध्वाका-८
३) तुल्सीभक्त श्रेष्ठ – भनपा सुकुध्वाका-८
४) रामप्रसाद अवाल – भनपा तुछिमला-९
५) राकेश शाक्य – भनपा सुकुध्वाका-८
६) देव फार्मेसी (सुमन साख) – भनपा १३
७) रामप्रसाद प्रजापति
८) ल्याय्म्ह वज्र बज्राचार्य – भनपा तुलाछें-८
९) गोपीकृष्ण प्रजापति – भनपा तुछिमला-९
१०) सुकुलढोका सपिङ्ग सेन्टर – भनपा सुकुलढोका
११) नारायण प्रसाद कर्माचार्य – भनपा सुकुलढोका
१२) पदमबहादुर मानन्धर – भनपा-४
१३) पुष्पराज शाक्य – भुल्चा, सूर्यविनायक
१४) मेथड कन्सल्ट प्रा.लि. – सूर्यविनायक
१५) विवेकमान कर्माचार्य – भनपा तुलाछें-८
१६) नवराज धौबन्जार – भनपा – सुकुलढोका-८
१७) लक्ष्मीभक्त चवाल – भनपा-११
१८) लक्ष्मीभक्त कवां – भनपा गोल्मढी-७
१९) केशव दिवाकर – भनपा तुलाछें-८
२०) रामहरि श्रेष्ठ – भनपा सुकुलढोका-८
२१) गणेश ज्यासः पसः – भनपा-८
२२) इन्द्रप्रसाद अवाल – भनपा तुछिमला-५
२३) हरिशरण अवाल – भनपा तुछिमला-५
२४) काजीबहादुर अवाल – भनपा तुछिमला-५
२५) तुल्सीभक्त अवाल – भनपा तुछिमला-५
२६) सिद्धिराम अवाल – भनपा तुछिमला-५
२७) प्रदिप शाक्य – भनपा भोलाछें-५
२८) सिताराम अवाल – भनपा तुछिमला-५
२९) लतं भक्त अवाल – भनपा तुछिमला-५
३०) शेरबहादुर छाबा – भनपा तुछिमला-९
३१) रुपेश खोतेजा – भनपा चोछें-९
३२) श्री छुमा गणेश साकोस भनपा तुछिमला-९
३३) श्याम खड्गी – भनपा भोलाछें-५
३४) पूर्णबहादुर अवाल – भनपा तुछिमला-५
३५) सिताराम कुम्पाख – भनपा भोलाछें-५
३६) टेकबहादुर अवाल – भनपा तुछिमला-५
३७) देवसुन्दर शाक्य – भनपा तुछिमला-८
३८) शुभकामना फोटोकपी – भनपा-११
३९) गणेश ज्यास पसः – भनपा साकोठा-११
४०) रामकृष्ण अवाल – भनपा तुछिमला-९
४१) विश्वमोहन जोशी – भनपा ब्यासी-१०
४२) न्हुछेकुमार अवाल – भनपा तुछिमला-९
४३) गणेश काष्ठ उद्योग – भनपा जगाती-७
४४) कृष्णबहादुर सुवाल – सूर्यविनायक
४५) दैव अवाल – भनपा तुछिमला-९
४६) शिव मानन्धर – सूर्यविनायक
४७) भक्तपुर हार्डवेयर सेन्टर – सूर्यविनायक
४८) सूर्यविनायक कोल्ड रिट्रेड – सूर्यविनायक
४९) रुपा प्रजापति
५०) कृष्ण प्रजापति – भनपा तुछिमला-९
५१) आभा प्रजापति – भनपा क्वाठन्डौं-४
५२) योगेन्द्र बहादुर प्रधानाङ्ग – नयाँ बानेश्वर
५३) कवीरकुमार बज्राचार्य – भनपा-९
५४) अस्मिता कोजू – भनपा ब्यासी-१०
५५) सुमित्रा त्यात – भनपा गोल्मढी-७
५६) सबिन शाक्य – भनपा-४
५७) बलराम दुवाल
५८) गोविन्दमान श्रेष्ठ – सोह्रखुट्टे, काठमाडौं
५९) धनप्रसाद प्रजापति – भनपा सूर्यमढी-१
६०) मनिष रंजित – भनपा गोलमढी-७
६१) रामगोपाल अवाल – भनपा तुछिमला-५
सहयोग १) न्हुछेकुमार लासिवा : रु. २,०००/-

# २५५८ औं बुद्ध जयन्ती

(पुष्प पूर्णिमाः स्वायापुन्हि)

सिद्धार्थ जन्म, बुद्धत्व:लाभ (सम्यक सम्बोधि लाभ), महा -परिनिर्वाणको पावन दीनको सुस्मरण गर्दै सोही उपलक्ष्यमा विभिन्न संघ संस्थाबाट हुने विभिन्न कार्यक्रमहरू ।

१) २०७१ वैशाख ३० : (बुद्ध जयन्ती एक दिन अगाडि) 'शान्तिद्वीप यात्रा'

समय : बेलुकि ५:३० देखि
स्थान : दीपंकर विहार क्वाथडौं-४
आयोजक : युवा बौद्ध पुचः, भक्तपुर 'YBAB'

२) २०७१ वैशाख ३१ गते (बुद्ध जयन्ती दीन) 'प्रभात फेरी' नसंचा उल्लेज्या

समय : विहान ४ बजे
स्थान : बौद्ध समकृत विहार, कुथुवहि मिनिबस पार्क

३)२०७१ वैशाख ३१ गते बुद्धबार रथ परिक्रमा

समय : दिउँसो १: बजे
स्थान : मुनिबिहार, इनाचो

४) २०७१ वैशाख ३१ गते 'दीपावली'

समय : बेलुकि ६ बजे,
स्थान : जयकिर्ति महाविहार, कुथुबही
आयोजक : मैत्रेय युवा संघ

५)२०७१ वैशाख ३१ गते:-सामुहिक ध्यान (विप्पसन्न)

समय : बेलिक ५:३० बजे
आयोजक : धर्मोदय सभा भक्तपुर शाखा

६) २०७१ वैसाख ९ गते प्रवचन कार्यक्रम

समय : दिउँसो ४ बजे
स्थान : सा:कुलान
आयोजक : नमोबुद्ध बचत तथा ऋण समूह

७) २०७१ जेठ १० गते 'रक्तदान कार्यक्रम'

समय : बिहान ८ बजे
स्थान : दत्तात्रय
आयोजक : मानन्धर व्यायाम मन्दिर

८) २०७१ जेठ १७ गते

बौद्ध परियति शिक्षा भक्तपुर जिल्लामा सर्वप्रथम सद्धम कोविद् तहः (उच्च शिक्षा) हासिल गर्नुहुने २ जना विद्यार्थीहरूलाई सम्मान कार्यक्रमः

समय : दिउँसो २ बजे
स्थान : मुनिबिहार भक्तपुर
आयोजक : युवा बौद्ध पुचः भक्तपुर, 'YBAB'
संकलन कर्ता : युवा बौद्ध पुचः भक्तपुर 'YBAB'

बुद्ध जयन्तीको प्रभात फेरी गीत 'नसंचा गीत' पनि अर्हतमा उल्लेख गर्ने

# २५५८ औं बुद्ध जयन्तीया लसताय् ज्वीगु थी थी ज्याभ्क्वलय् सहभागी जुया दिसँ ।

# २५५८ औं बुद्ध जयन्तीया लसताय् ज्वीगु साप्ताहिक ज्याभ्क्वःया भ्कलक

| क्र.सं. | मिति | ज्याभ्क्वः | थाय् | ई | आयोजक |
|---|---|---|---|---|---|
| १) | २०७१ वैशाख २५ बिहीबार | भ्कण्डा, पर्चा वितरण, प्रचारप्रसार | त्वाः, चुक, विहार | सुथ निसें | विभिन्न बौद्ध संघ संस्था |
| २) | २०७१ वैशाख २६ शुक्रबार | वृत्तचित्र प्रदर्शनी | इनाचो | बहनी ७:०० ता इलय् | भक्तपुर बौद्ध सम्पदा संघ |
| ३) | २०७१ वैशाख २७ शनिबार | बृहत शान्ति पदयात्राय् सहभागी | यें | न्हिनय् ११ ताः इलय् | बुद्ध जयन्ती संयुक्त आयोजक समिति, काठमाडौं |
| ४) | २०७१ वैशाख २८ आइतबार | रक्तदान<br>शान्ति प्रार्थना सहित दीप प्रज्वलन | इनाचो<br>इन्द्रवर्त महाविहार, ........... विहार | सुथय् ७ बजे<br>सनिलय् ६ बजे | भक्तपुर बौद्ध सम्पदा संघ व धर्मोदय सभा भक्तपुर शाखा |
| ५) | २०७१ वैशाख २९ सोमबार | ज्ञानमाला भजन प्रस्तुति | तजाफः, थिमि | सनिलय् ६:०० बजे | भक्तपुर बौद्ध सम्पदा संघ व दीपंकर ज्ञानमाला भजन खलः |
| ६) | २०७१ वैशाख ३० मंगलबार | मैनबत्ती शान्तिपद यात्रा | दीपंकर विहार | सनिलय् ५ बजे | युवा बौद्ध पुचः |
| ७) | २०७१ वैशाख ३१ बुधबार २५५८ औं बुद्ध जयन्ती वैशाख पूर्णिमा | प्रभातफेरी<br>बुद्धपुजा, भोजनदान<br>रथ नगर परिक्रमा<br>सामुहिक ध्यान<br>दीपावली | बौद्ध समकृत विहार<br>मुनि विहार, इनाचो | ब्रिहान ४ बजे<br>बिहान ८ बजे<br>दिनको १ बजे<br>साँभ्क ६ बजे<br>साँभ्क ७ बजे | बौद्ध संघ<br>मुनि विहार इनाचो<br><br>धर्मोदय सभा, भक्तपुर शाखा<br>मुनि विहार इनाचो |

प्रचारक : भक्तपुर बौद्ध सम्पदा संघ व धर्मोदय सभा, भक्तपुर शाखा

# अनुरोध

बौद्ध दर्शन अध्ययन समाजद्वारा प्रकाशित
बौद्ध साहित्यिक पत्रिका 'अर्हत्' त्रैमासिक को वार्षिक ग्राहक भई सहयोग गरिदिनुहुन
पाठकहरुमा हार्दिक अनुरोध गर्दछ ।
साथै निरन्तर प्रकाशनको लागि लेख-रचना तथा व्यवसायिक विज्ञापन दिई सहयोग गर्नुहुन
हार्दिक अनुरोध गर्दछ ।

## बौद्ध दर्शन अध्ययन समाज

Email: arhattraimasik@gmail.com

# हार्दिक श्रद्धाञ्जली



जन्म
ने.सं.१०५८ फाल्गुण शुक्ल अष्टमी

निधन
ने.सं. ११३४ चैत्र शुक्ल रामनवमी

**स्व. मसिनु धौभडेल**

यस अर्हत् त्रैमासिकका शुभचिन्तक तथा लेखक ओम धौभडेलका पूजनीय माता **मसिनु धौभडेल**को दुःखद निधनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्न सकून् भनी समवेदना प्रकट गर्दछौं।

## बौद्ध दर्शन अध्ययन समाज


भक्तपुर

२५५८ औं **बुद्ध जयन्ती**को सुखद् उपलक्ष्यमा सम्पूर्ण विद्यार्थी, अभिभावक, शिक्षक शिक्षिका तथा शुभेच्छुक महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना !




# बागीश्वरी उच्च माध्यमिक विद्यालय/कलेज

च्याम्हासिंह, कमलविनायक, भक्तपुर, फोन ६६२०२७०, ६६१४३९१, ६६१३०४१, ६६१०२७०



२५५८ औं बुद्ध जयन्तीको अवसरमा सम्पूर्ण ग्राहक महानुभावहरूमा सुख, शान्ति तथा उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्दछ ।

# कालिका डेरी प्रा.लि.

सम्पर्क

अफिस ६६१४१९८, अफिस ६६१७४०८, रिसेप्सन ६६१०४७९

